# आबुँखैरेनी गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ७** **संख्याः ३** **मितिः २०८०/०३/१८**


## भाग-१

आँबुखैरेनी गाउँपालिका

## आँवुखैरेनी गाँउपालिकाको जल यातायात सञ्चालन ऐन, २०८०

प्रमाणीकरण मिति
२०८०/०३/१८

**प्रस्तावनाः**

आँवुखैरेनी गाँउपालिका क्षेत्र भित्र आफ्नो सिमाना भएर बग्ने मर्स्याङ्दी नदीमा जल यातायात सञ्चालन, व्यवस्थापन लगायतका कार्य गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ वमोजिम आँवुखैरेनी गाँउपालिकाद्धारा यो **ऐन** पारित गरी लागु गरिएको छ।

**परिच्छेद-१**
**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम " आँबुखैरेनी गाउँपालिकाको जल यातायात सञ्चालन ऐन ,२०८०" रहेको छ।

(२) यो ऐन स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "गाँउपालिका" भन्नाले आँवुखैरेनी गाँउपालिकालाई सम्झनु पर्छ ।

ख) " कार्यपालिका" भन्नाले आँवुखैरेनी गाँउपालिकाको गाँउ कार्यपालिकालाई सम्झनु पर्छ ।

ग) "कार्यालय" भन्नाले आँवुखैरेनी गाँउपालिकाको गाँउ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

घ) "अध्यक्ष" भन्नाले आँवुखैरेनी गाँउपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले आँवुखैरेनी गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

च) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्नेछ ।

छ) " अनुमती पत्र प्राप्त संस्था" भन्नाले जल यातायात सञ्चालन गर्न सम्वन्धीत निकायबाट ईजाजत प्राप्त तथा आँवुखैरेनी गाँउपालिकामा ब्यबसाय दर्ता गरी अनुमति प्राप्त कम्पनी/फर्म लाइ सम्झनुपर्छ ।

ज) " सेवा शुल्क" भन्नाले अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाले उपलव्ध गराएको सेवा उपयोग गरे वापत बुझाउन पर्ने शुल्क सम्झनुपर्दछ ।

झ) "दस्तुर" भन्नाले व्यवसाय दर्ता, नविकरण, बिलम्ब, नक्कल प्राप्त गर्न र अन्य आँवुखैरेनी गाँउपालिकालाई बुझाउनु पर्ने रकम भन्ने बुझिन्छ ।

## परिच्छेद-२
## उद्देश्य र क्षेत्र

**४. यस कार्यविधिको उद्देश्य देहाय वमोजिम हुनेछ ।**

क) गाँउपालिकाको सिमानामा रहेको मर्स्याङ्दी नदिमा व्यवस्थित तरिकाले जलयातायात (नदिमा चल्ने डुंगा लगायत मोटर तथा इन्जिन जडित साधन) सञ्चालनका लागि अनुमति दिने ।

ख) जलयातायात सञ्चालन सम्बन्धि नियमन तथा राजश्व संकलन गर्ने ।

ग) जलयात्रा गर्ने यात्रुको सुरक्षा गर्न लगाउने ।

घ) जलयात्रा गर्ने यात्रु तथा जलयातायात सञ्चालन गर्ने अन्य व्यक्तिहरुको दुर्घटना विमाको ब्यबस्था गर्न लगाउने ।

**५. कार्यक्षेत्रः** यस कार्यविधिको कार्यक्षेत्र देहाय वमोजिम हुनेछ ।

क) आँवुखैरेनी गाँउपालिकाको पुर्वमा मर्स्याङ्दी जलविद्युतको जलाशयको बाँध देखि पश्चिममा आँबुखैरेनी गाउँपालिकाको वार्ड नं १ स्थित घुमाउने घाट सम्मको गाँउपालिका तर्फको मर्स्याङ्दी नदीको क्षेत्रभित्र रहेको स्वीकृत सम्भाव्यता अध्ययन तथा प्रारम्भिक वातावरणीय अध्ययनले निर्दिस्ट गरेको क्षेत्र लाइ यस कार्यविधिको कार्यक्षेत्र भित्र जलयातायात सञ्चालन कार्यका लागि क्षेत्र मानिने छ ।

## परिच्छेद-३

## दर्ता र अनुमति

**६. दर्ता र अनुमति सम्वन्धि व्यवस्थाः**

क) गाउँपालिकामा दर्ता हुनुपर्ने : जलायातायात संचालन गर्नको लागि गाउँपालिकामा अनिवार्य ब्यबसाय दर्ता गरेको हुनुपर्नेछ।

ख) इजाजत लिनुपर्ने: जलयातायात व्यवसाय सञ्चालन गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट इजाजत प्राप्त हुनुपर्नेछ।

घ) जलयातायात व्यवसाय सञ्चालन गर्दा यस कार्यविधिले तोके वमोजिमका सुरक्षात्मक उपाय अपनाउनु पर्नेछ ।

## परिच्छेद-४

## नवीकरण

**७.ब्यबसाय दर्ता नविकरण गर्नेः**

यो कार्यविधि वमोजिम जलयातायातको लागि स्वीकृत संस्थाले आफ्नो ब्यबसाय हरेक आर्थिक वर्षको अन्तिम सम्म नविकरण गर्नु पर्नेछ । म्याद समाप्त भएपछि नविकरण गराउँदा थप दस्तुर लाग्नेछ । नविकरण सम्बधि दस्तुर गाउँपालिकाको आर्थिक ऐन अनुसार हुनेछ।

## परिच्छेद - ५

## ब्यबसायी/कम्पनीको छनौट

**८. कम्पनि छनौट सम्बन्धि ब्यबस्था :**

क. सार्वजनिक सुचना आहान गर्नुपर्ने:

जल यातायात संचालन गर्न स्वीकृत प्रादान गर्ने कम्पनि छनौट गर्न गाउँपालिकाले अनुसूची १ बमोजिमको प्रस्तावना अनुसार सार्वजनिक खरिद ऐन र नियमावलीमा भएको ब्यबस्था अनुसार प्रतिस्पर्धाको आधारमा बडाबड प्रकियानुसार प्रस्तावनामा उल्लेख भएको मुल्यांकन मापदण्ड अनुसार सबैभन्दा उत्कृस्ट कम्पनीलाई छनौट गरिनेछ।

ख. कम्पनीको छनौट पश्चात अनुसूची २ बमिजिमको सम्झौताको ढांचा अनुसार सम्झौता गरी जालायातायात संचालनको लागि स्वीकृति प्रदान गरिनेछ।

परिच्छेद-६

<u>सुरक्षा</u>

**८.सुरक्षा सम्वन्धी व्यवस्थाः**

क. जल यातायात सञ्चालनका लागि आवश्यक न्युनतम सुरक्षाको व्यवस्था सम्वन्धित सञ्चालकले गर्नु पर्नेछ । न्यूनतम सुरक्षात्मक उपकरणहरु अनुसूची-३ मा व्यवस्था भए वमोजिम हुनेछ ।

ख. यात्राको क्रममा कुनै दुर्घटना भई घाईते, अङ्गभंग वा मृत्यु भएमा, घाईतेको उपचार र मृतकको विमा वापतको रकम सञ्चालकले उपलव्ध गराउनु पर्नेछ । विमा सम्बन्धी व्यवस्था अनुसूची (४) मा उल्लेख भए वमोजिम हुनुपर्नेछ ।

ग. सुरक्षीत र प्रचलित कानुन वमोजिम मापदण्ड पुगेको डुङ्गा, बोट वा वाटर मोटरवोट मात्र प्रयोग गर्ने पाइनेछ ।

घ. मेशिनरी वा म्यानुअल वोट चालकको वोट चलाउने अनुमति वा लाईसेन्स अनिवार्य रुपमा हुनुपर्नेछ ।

ङ. यात्रु वा सेवाग्राही वा ग्राहकको सुरक्षा प्रवन्ध गर्न लाईफ ज्याकेट, हेलमेट, वाटर ट्युव आदिको व्यवस्था हुनुपर्नेछ ।

च. कुनै दुर्घटना घटेमा उद्धारको लागि रस्क्यू टिमको व्यवस्था हुनु पर्नेछ ।

**परिच्छेद-७**

**<u>अनुगमन सम्बन्धमा</u>**

**१२.जलयातायात संचालन तथा ब्यबस्थापन र अनुगमन सम्बन्धि कार्य गाउँकार्यापलिकाले गर्नेछ।**

**परिच्छेद-८**

**<u>राजस्व सम्बन्धमा</u>**

**११. राजस्व सम्वन्धी व्यवस्थाः**

१. यस कार्यविधि वमोजिम जल यातायात सञ्चालन गरेबापत तोकिएबमोजिमको शुल्क वापतको राजश्व रकम गाँउपालिकाको आन्तरिक राजस्व कोषमा दाखिला गरिनेछ ।

२. जल यातायात व्यवसाय संचालन गरेबापतको राजस्व दस्तुर गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख भएबमोजिम हुनेछ।

## परिच्छेद-७
## खारेजी सम्बन्धि ब्यबस्था

**९.खारेज गर्न सकिने व्यवस्थाः**

१) जाल यातायात संचालन गर्न स्वीकृत संस्था वा कम्पनीले यो ऐनमा उल्लेखित प्रावधान अनुसार जलयातायात संचालन नगरेको पाइएमा वा सम्झौता अनुसार जिम्मेवारी पुरा नगरेमा उक्त कम्पनी वा फर्मसंगको सम्झौता रद्द गर्न सकिनेछ ।

## परिच्छेद-१०
## बिबिध

**१३.वाधा अड्काउ फुकाउ तथा व्याख्याः**

यस कार्यविधिको अन्तिम व्याख्या एवं वाधा अड्काउ फुकाउने कार्य गाँउकार्यपालिकाले गर्नेछ ।

**१४.परिमार्जन तथा संसोधनः** यस कार्यविधिलाई आवश्यकता अनुसार आँवुखैरेनी गाँउपालिका, गाँउ कार्यपालिकाले परिमार्जन तथा संसोधन गर्न सक्नेछ ।

## अनुसूची-१

## आँबूखैरेनी गाँउपालिका, तनहु गण्डकी प्रदेश अर्न्तगत पर्ने

## तल्लो मर्स्याङ्दी जलबिधुत आयोजनाको जलाशयमा मोटरबोट तथा पर्यापर्यटन कार्य संचालन तथा व्यवस्थापनको ठेक्का खरिद सम्बन्धी क्षेत्रगत शर्तहरु

### १. भूमिका

आँबूखैरेनी गाँउपालिका नेपालको गण्डकी प्रदेश अन्तरगत तनहुँ जिल्लामा रहेको छ। नेपालको संबिधानको भावना अनुरुप वि.स. २०७३ फागुनमा नेपालको प्रशासनिक संरचनाको पुनरावलोकन भएदेखि यो गाँउपालिका स्वायत स्थानिय सरकारको रुपमा रहेको र सो हनुरुप नै आफ्नो क्षेत्रका जनतालाई स्थानिय सरकारका तर्फबाट उपलब्ध गराउने सेवा तथा सुबिधाहरु उपलब्ध गराउदैं आएको छ। यस गाँउपालिका अन्तरर्गत ०६ वडा रहेका छन्।

परापूर्वकाल देखी तनहुँ जिल्लामा अवस्थित यस भूमिमा ऋषि, महर्षि तपस्वीहरुले तपस्याको लागि प्रयोग गरेको देखिन्छ। पौराणिक कथनका आधारमा यस गाउँपालिका भित्र ऋषि, महर्षि तपस्वीहरुको आँपको बृहत बगैचा भएकोले आँबु र आसपासमा खयरको समेत जंगल रहेकाले खैरहनी भन्ने चलनबाट अपभ्रश भई आँबुखैरेनी नाम रहन गएको भनाई छ। त्यसैगरी संस्कृत भाषामा आ.ब.को अर्थ पानी/खोला रहेको र छिम्केश्वरी मन्दिर लाई तीन तिरबाट खोलाले घेरेकाले आबु रहन गएको खैरनी चौतारा आसपास खयरको जंगल रहेकाले यस ठाउँको नाम आँबुखैरनी रहन गएको भनाई छ।

यस गाउँपालिका तनहुँ जिल्लाको ऐतिहासिक, धार्मिक रुपले पवित्र भूमीको रुपमा रहेको छ। भौगोलीक रुपमा लेक, वेशी, पहाड भू बनोटको विविधता पाईन्छ। यस गाउँपालिकामा खेतीपाती योग्य भुमी, प्रशस्त मात्रामा वनजंगल ढाकेको छ। यस गाउँपालिकामा मुख्यत मगर, गुरुङ, ब्राह्मण, क्षेत्री लगायत अन्य विभिन्न जातजातिको बसोवास रहेको छ। जनजातिको बसोबासको बाहुल्यता रहेको यस गाउँपालिका भित्र विभिन्न जात, जाति, भाषा, धर्म, रितिरिवाज, परम्पराको विविधतामा एकता रहेको पाइन्छ। विविध जातजाती, रहन सहन, धार्मिक, साँस्कृतिक विविधता रहेको एवं कौरा नाच, झ्याउरे नाच जस्ता विभिन्न संस्कृतीले भरिपुर्ण रहेको छ। प्राकृतिक मनोरमका कारण समेत यस गाउँपालिका पर्यटकिय दृष्टिकोणले पनि अत्यन्तै महत्वपूर्ण रहेको छ।

साविकका एक नगरपालिका र दुई गाविसहरु (आँबुखैरनी नगरपालिका, छिम्केश्वरी र देउराली गाविस) समायोजन भई नेपाल सरकारको मिति २०७३।११।२७ गतेको निर्णयानुसार आँबुखैरेनी गाउँपालिकाको रुपमा गठन भई कार्यान्वयनमा आएको छ।

गाउँपालिकाको केन्द्र आँबुखैरनी बजार मिलनचोकमा रहेको छ । पृथ्वी राजमार्गले आँबुखैरनी गाउँपालिकालाई विचवाट छिचलेको, र गोरखा राजमार्गले पूर्वपट्टीवाट काटेको छ । प्रदेश तथा केन्द्र राजधानी संग नजिक रहेको यस गाउँपालिका विकास र सम्बृद्धिको लागी प्रचुर संभावना रहेको एवं गाउँपालिका विकास र गाउँवासिको स्वर्णिम भविश्यको लागि विश्वस्त रहने प्रशस्त आधारहरु रहेको पाइन्छ ।

आँबुखैरेनी गाउँपालिकाको स्थापना संगसंगै विकासको क्रम पनि बढ्दो स्थितिमा छ । सडक, नालाको साथै आधुनिक भवनहरु पानि निमार्ण क्रममा छन् । आँबुखैरेनी कृषी उपजको केन्द्र बिन्दुको रुपमा विकशित हुदैं गइरहेको छ र त्यसका साथसाथै सहरीकरण तिव्र रुपमा बढ्दै गईरहेको छ । त्यसै सन्दर्भमा सहरलाई व्यवस्थित गरी विकास क्रमलाई अगाडि बढाउन र सहरलाई सुन्दर र सफा राख्न अति आवश्यक भईसकेको छ ।

तसर्थ पर्यटकीयक्षेत्रको रुपमा यस क्षेत्रको समग्र विकासको लागि निजि क्षेत्रलाई आकर्षित गरि दुबै पक्षको अर्थिक बृदि गर्ने उदेश्यले यो कार्य क्षेत्रगत शर्त तयार गरिएको छ ।

आँबुखैरेनी गाउँपालिका क्षेत्रको पर्यटन क्षेत्र प्रबर्द्धन गर्न पालिकाको एकल प्रयासबाट संम्भव नभईरहेको अवस्थामा आर्थिक उन्नतीको अवसरहरुलाई मार्गप्रशस्त गर्नको लागि आँबूखैरेनी गाँउपालिको कार्य क्षेत्र भित्र पर्ने तल्लो मर्स्याङ्दी जलबिधुत आयोजनाको जलाशयमा मोटरबोट तथा पर्यापर्यटन कार्य संचालन तथा व्यवस्थापन गर्न यो क्षेत्रगत शर्त तयार गरिएको छ ।

## २ ठेक्का संचालन तथा ब्यवस्थापनको लक्ष्य :

आँबूखैरेनी गाँउपालिको कार्य क्षेत्र भित्र पर्ने तल्लो मर्स्याङ्दी जलबिधुत आयोजनाको जलाशयमा मोटरबोट तथा पर्यापर्यटन कार्य संचालन तथा ब्यवस्थापन गर्ने उदेश्यले यस कार्यालयको ठेक्का सम्झौताको अधिनमा रही पर्यटकीय क्षेत्रगत् कार्यहरु सम्पादन गर्ने गरी ठेक्का खरीद गर्ने लक्ष्य लिईएको छ ।

## ३ ठेक्का संचालन तथा ब्यवस्थापनको कार्यक्षेत्र :

आँबूखैरेनी गाँउपालिले गरेको सम्भाब्यता अध्ययनले तोकेबमोजिमको क्षेत्र भित्र पर्ने तल्लो मर्स्याङ्दी जलबिधुत आयोजनाको जलाशय क्षेत्र यस ठेक्का सम्झौताको कार्यक्षेत्र पर्दछ । जसलाई आयोजना समेत भनिने छ ।

## ४. शुल्क तथा राजश्व सम्बन्धमा

शुल्क तथा राजश्व आँबुखैरेनी गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख भएबमोजिम हुनेछ । सम्झौता बमोजिमको राजश्व हरेक महिनाको अन्त्यमा एकमुष्ठ रकम गाउँपालिकाको राजश्व शाखामा बुझाउनु पर्ने छ । राजश्व रकम टिकटमानै उल्लेख गरि राजश्व शाखाले प्रमाणिकरण गरेको e-ticketing system प्रयोग गर्नु पर्ने छ ।

## ५ ठेक्का संचालक तथा ब्यबस्थापकको मुल्याङ्कन र योग्यता मापदण्ड

जल पर्यटन कार्य एक बिषेस अनुभब बिना असम्भब प्राय छ । नेपाल सरकार पर्यटन बिभागले समेत जल पर्यटनलाई साहसिक पर्यटन भित्र राखेको छ जसको लागि निम्न कार्य अनुभब आबश्यक मानिएको छ । तर नेपालमानै नयाँ कार्य भएकोले प्राप्त बोलपत्र मध्ये सबैभन्दा बढि नंम्बर प्राप्त गर्ने बोलपत्र दातालाइ बोलपत्र स्विकृत गरिने छ ।

मुल्यांकनको आधार

प्राबिधिक प्रताव : ८० %

आर्थिक प्रताव: २० %

| | संथाको योग्यता | अंकभार | कैफियत * |
|---|---|---|---|
| प्राबिधिक प्रस्ताव | | | |
| १ | कम्पनि दर्ताको प्रमाणपत्र भएमा | १५ | छाँयाकपि |
| २ | भ्याट दर्ताको प्रमाणपत्र भएमा | १५ | छाँयाकपि |
| ३ | चालु आ. वा भन्दा अघिल्लो आथिक बर्ष को Tax Clearance certificate वा पुस मसान्त सम्मको म्याद थप पत्र भएमा | १५ | |
| ४ | पर्यटन बिभागबाट जारि अनुमति इपत्र | १० | लाइसेन्स को छाँयाकपि |
| ५ | जारि पूजी (कम्तिमा ५० लाख) भएमा | ५ | |
| ६ | बाषिक कारोबार बम्तिमा एक करोड र घाटामा नगएको भएमा (कम्तिमा पछिल्लो एक आर्थिक बर्षको Audit Report पेश गर्ने) | ५ | |
| ७ | जमेको पानि वा तालमा कार्यगरेको अनुभब भएमा | ५ | स्थान- गाँउ/नगरपालिका- ब्यबसाय दर्ताको छायाकपि |
| ८ | जमेको पानि वा तालमा, बगेको पानि वा नदिमा कार्यगरेको अनुभब भएमा | ५ | स्थान- गाँउ/नगरपालिका- ब्यबसाय दर्ताको छायाकपि |
| ९ | कम्तिमा २ बर्षको कामको अनुभब (पर्यटन बिभाग वा मन्त्रालय बाट जारि अनुमति पत्र वा स्विकृती सहित) भएमा | ५ | |
| १० | सूचना तथा संचार प्रबिधि मन्त्रालय बाट मोटरबोट संचारको लागि फ्रिक्योन्सि तथा लाइसेन्स प्राप्त | ५ | लाइसेन्स को छायाकपि |
| ११ | मोटरबोट को Live Tracking System भएमा | ५ | Log in details |
| आर्थिक प्रस्ताब | | | |
| १२ | प्रति टिकट बिक्रिको कम्तिमा न्युनतम शुल्क | १० | |

| | | | |
|---|---|---|---|
| | कबुल गरेमा | | |
| १३ | बिक्रिको न्युनतम शुल्क भन्दा बढी प्रति % मा ०.१२ ले अंक थप हुनेछ | १५ | सुत्र: १०+ क*०.१२ (क-थप प्रतिशत) |
| | जम्मा | १०० पुणाङ्क | |

बुँदा नं -१ देखि ४ सम्मको योग्यतापत्र अनिवार्य पेश गर्नुपर्दछ।

-सम्पुर्ण छाँयाकपि नोटरी पब्लिक द्धारा प्रमाणित गरिएको हुनु पर्ने ।

## ६. ठेक्का संचालन तथा ब्यबस्थापनको प्रक्रिया

ठेक्का संचालन तथा ब्यबस्थापनका सम्बन्धि सम्पूर्ण प्रक्रिया तथा बित्तिय क्रियाकलाप सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार हुनेछ।

## ७. सम्झौता अवधी तथा नवीकरण:

(१) यस ठेक्का सम्झौताको अवधी आयोजना निर्माणको कार्य सम्पन्न भई गाउँपालिकाले आयोजना संचालनको लागि कार्यादेश दिएको मितिवाट शुरु तथा लागु भइ १० (दश) वर्षसम्म कायम रहनेछ ।

(२) दुबै पक्षको आपसी लिखित सहमतिका आधारमा सम्झौता नवीकरण गर्न सकिनेछ ।

(३) अन्य शर्त सम्झौता बमोजिम हुनेछ ।

## ८. अनुमतिपत्र:

(१) आयोजना क्षेत्रमा पर्यटन पूर्वाधार विकासको लागी आयोजनाको निर्माण कार्य गर्न को लागि कम्पनीले अनुमतिपत्रको लागि यस.गाउँपालिकामा निवेदन दिनु पर्नेछ । प्राप्त निवेदन उपर छानवीन गरी थप विवरण वा जानकारी माग्न आवश्यक भएमा पेश गर्न लगाई पालिकाले अनुमतिपत्र जारी गर्नेछ ।

## ९. ठेक्का संचालकको जिम्मेबारी

(१) आँबूखैरेनी गाँउपालिकासंग समन्वय गरि पर्यटकीय पूर्वाधार निर्माण गर्ने ।

(२) कार्ययोजना वमोजिम गर्नुपर्ने निर्माणका कार्यहरु सम्झौता पत्रमा तोकिएको अवधीभित्र सम्पन्न गर्ने ।

(३) आयोजना क्षत्रको सार्वजनिक जग्गाको प्रयोग तथा मध्यमर्स्याङदी जलबिधुत परियोजना अर्न्तगत रहेको जलाधर क्षेत्रमा मोटरवोट सञ्चालन गर्दा पर्यावरणीय, प्राकृतिक, सांस्कृतिक

तथा सामाजिक वातावरणमा असर नपुग्ने गरी पूर्वाधार निर्माण तथा पर्यटकीय गतिविधि सञ्चालन गन ।

(५) सडक मापदण्ड तथा अन्य मापदण्डहरुको पालना गरी पर्यटकीय पूर्वाधार निर्माण गर्ने ।

(६) सामाजिक र सांस्कृतिक वातावरणमा हानी नपुग्ने गरी पर्यटकीय गतिविधि सञ्चालन गर्ने ।

(७) पूर्वाधार निर्माणको सिलसिलामा तथा अन्य गतिविधिहरु सञ्चालन गर्दा गाँउपालिकासंग आवश्यक समन्वय गर्ने ।

(८) गाउँपालिकाले दिएका निर्देशन तथा सुझावहरु पालना गर्ने तथा कार्यान्वयन गराउने ।

(९) कानून वमोजिम गाँउपालिकाले लगाउने कर राजश्व समयमै गाँउपालिकालाई बुझाउने ।

(१०) कानूनी प्रक्रिया भित्र रहेर तथा कानूनी प्रक्रिया पुरा गरेर मात्र प्राकृतिक श्रोतको उपयोग गर्ने ।

(११) निर्माण गरिएका पूर्वाधार विकासका कार्यहरुबाट पर्यटकीय गतिविधिमा आवश्यक सहयोग पुगेको हुनुपर्ने ।

(१२) आबश्यक अनुमति लिनु पर्नेमा अनुमति लिएर मात्र कार्य संचालन गर्ने ।

(१३) Four stock engine भएको मोटरबोट मात्र प्रयोग गर्नु पर्ने छ ।

(१४) मोटरबोट को Log Book हुनु पर्ने तथा Live GPS tracking द्वारा कुनै पनि जलयान tracking गर्न सक्ने व्यबस्था गर्नु पर्ने । गाँउपालिकाले आबश्यक ठानेमा गाँउपालिकाको कार्यालयबाट समेत हेर्ने व्यबस्था गर्नु पर्ने ।

(१५) प्रतेक बोटमा Fast Communication को लागि सूचना मन्त्रालयले उपलब्ध गराउको फ्रिक्योन्सिमा चल्ने IP PROOF तथा पानिमा तैरने रेडियो हुनु पर्ने छ । साथै नजिकको सुरक्षा निकाए संग समेत संचार स्थापित गर्नु पर्ने छ ।

(१६) अनिबार्य रुपमा सिट संख्या बराबर Life Jacket हुनु पर्ने छ । प्रतेक बर्ष नयाँ Life Jacket परिबर्तन गर्नु पर्ने छ ।

(१७) अनिबार्य रुपमा प्रतेक मोटरबोटमा एक एक वटा थ्रो ब्याग, Life Bay हुनु पर्ने छ ।

(१७) अनिबार्य रुपमा १ वटा अलगै उदारको सामाग्रि तथा Life Guard सहितको Rescue Boat हुनु पर्ने ।

(१८) जलाशयमा मोटरबोट तथा पर्यापर्यटन कार्य गर्नको लागि आवश्यक वातावरण तयार गर्नुपर्नेछ ।

(१९) जलाशयमा मोटरबोट लगायत अन्य पर्यापर्यटन सम्बन्धि कार्य संचालन गर्न पाईने छ र त्यसको लागि गाउँपालिकाबाट अनुमति लिएर चाहिने पुर्वाधार निर्माण ठेक्का व्यवसाईले नै गर्नुपर्ने छ ।

(२०) जलाशयमा क्षेत्र वरीपरी कुनैपनि जग्गा रेस्टुरेन्ट संचालन गर्नको लागि आवस्यक पर्ने जग्गा भाडामा लिई पुर्वाधार निर्माण गर्ने कार्य ठेक्का व्यवसायीले नै गर्नुपर्ने छ ।

(२१) पर्यटक लाई आकर्षित गर्न अन्य आवश्यक पूर्वाधार जस्तै प्राकृतिक बगैचा निर्माण ठेक्का व्यवसायीले नै गर्नुपर्ने छ यसको लागि गाँउपालिकाले आबश्यक जग्गा तथा बोटबिरुवा उपलब्ध गराउने छ ।

(२२) Sea Beach भन्ने बित्तिक्कै स्ट्रीट फुड तथा Beach Umbrella ले सुसजित हुनेमा प्रख्यात स्थानिय परिकार तथा उत्पादन को लागि ठेला व्यवसायसमेत गर्ने गराउने साथै आफ्नो फोहोर आफै व्यवस्थापन गर्ने गरी स्ट्रीट फुड संचालन र व्यवस्थापन ठेक्का व्यवसायीले नै गर्नुपर्ने छ ।

(२३) पर्यटकको मनोरन्जनलाई थप उत्साहित पर्न नया नया पर्यापर्यटन कार्य व्यवसायीले नै गर्नुपर्ने छ ।

(२४) अनिबार्य रुपमा प्रति ब्यक्ति रु दशलाख बराबरको बिमा गराउनु पर्ने छ ।

(२५) प्रचलित कानून विपरित ठहरिने कुनै पनि कार्य गर्न/गराउन पाइने छैन ।

## **१०. आँबूखैरेनी गाँउपालिकाको जिम्मेबारी**

क) उल्लेखित मोटरबोट तथा पर्यापर्यटन कार्य संचालन तथा ब्यवस्थापनगनको लागि आबश्यक अनुमति दिने ।

ख) जलाशयमा मोटरबोट तथा पर्यापर्यटन कार्य गर्नको लागि आवश्यक वातावरण तयार गरिदिने ।

ग) जलाशय लगायत अन्य पानि तथा कार्यक्षेत्र भित्र पर्यापर्यटन सम्बन्धि कार्य संचालन लागि आवश्यक सहजिकरण गरिदिने छ वा ब्यबसाय संचालनबाट प्राप्त हुने राजश्वमा मिलान गर्ने गरि ठेक्का संचालकलाई नै पुर्वाधार निर्माण गर्न लगाउने र उक्त लागतलाइ अग्रिम राजश्वको रुपमा मान्यता दिने ।

घ) उल्लेखित मोटरबोट तथा पर्यापर्यटन कार्यगर्न आबश्यक आयोजना निर्माण तथा संचालन गर्दा वातावरण संरक्षण ऐन, २०५३ तथा नियमावली, २०५५ ले तोकेका व्यवस्था तथा प्रक्रियाको पुरा गरिदिने ।

ङ) कार्यक्षेत्र भित्र मोटरबोट तथा पर्यापर्यटन कार्य संचालन तथा व्यवस्थापनको लागि जलबिधुत आयोजना, सडक, वा छिमेकि स्थानिय निकाय बाट लिनुपर्ने सहमति, सिफारिस प्राप्त गरि कार्य संचालनको लागि आवश्यक वातावरण तयार गरिदिने छ ।

च) चुस्त दुरुस्त ब्यबसाय संचालको लागि सुरक्षा प्रदान गर्ने । कुनै विवाद वा समस्या पर्न आएमा

समाधानको लागि भुमिका निर्बाह गर्ने ।

छ) मोटरबोट Lunch Ramp, Parking , Pasanger Waititng घर, Toilet, मर्मत स्थान, सुरक्षा कर्मिको बासस्थान, Control Room, पार्किङ्ग स्थालको लागि आबश्यक जग्गा गाउँपालिकाले उपलब्ध गराउने ।

ज) बिजुली र पानीको को लागि आबश्यक सिफारिस गरिदिने ।

झ ) आवश्यकतानुसार अन्य निकायहरुसंग समन्वय गरी कम्पनीलाई सहयोग पुऱ्याउने ।

## ११. सम्झौताका शर्तहरु

१) तोकिएका दररेटहरु घटाउने बढाउने, राजश्व परिमार्जन वा सरलीकरण गर्ने सम्पूर्ण अधिकार आँबूखैरेनी गाँउपालिकामा रहने छ ।
२) सम्झौता बमोजिम जलयात्रा तथा पर्यापर्यटन कार्य सञ्चालन गर्न ठेक्का बन्दोवस्त गर्ने संचालकलाई कुनै किसिमबाट बाधा व्यवधान हुने पर्ने गरी आँबूखैरेनी गाँउपालिबाट निर्देशन वा हस्तक्षेप गरिनेछैन । तर, सम्झौता अनुरुप कार्य नगरेको अवस्थामा दिएको निर्देशनलाई बाधा ब्यावधान गरेको मानिनेछैन । संचालकको कार्यमा बाधा नपर्ने गरी जुनसुकै समयमा निरिक्षण गर्न सकिनेछ । निरिक्षण आवश्यक सहयोग पुर्याउनु संचालकको कर्तव्य हुनेछ ।
३) कुनै विवाद वा समस्या पर्न आएमा असर परेको पक्षले अर्को पक्षलाई लिखित सूचना दिई समाधानका लागि पहल गर्नुपर्नेछ ।
४) अन्य कुराहरु आँबूखैरेनी गाँउपालिको समन्वय तथा निर्णय एवं सार्वजनिक खरिद ऐन २०६३ नियमावली २०६४ र प्रचलित कानून बमोजिम हुनेछ ।
५) बोलपत्रदाताले बुझेका सम्पूर्ण सम्पत्तिहरु जस्तो अवस्थामा बुझेको हो सम्झौता समाप्त पश्चात सोही अवस्थामा दोस्रो पक्षलाई उक्त सम्पक्तिहरु बुझाउनु पर्नेछ ।
६) कार्यसंचालन सम्बन्धमा दुई पक्ष बिच कुनै मतभेद सिर्जना भएमा आपसी वार्ता तथा सहमती बाट समाधान गरिने छ । प्रथम पक्षको निर्णय अन्तिम हुनेछ ।
७) दुबै पक्षको लिखित सहमति बिना यस सम्झौताका सर्तहरुमा कुनै पनि पक्षले कुनै किसिमको परिवर्तन वा संसोधन गर्न पाउने छैन ।
८) सम्झौता अविधि सकिएपछि पनि सोहि फर्मले काम गर्न चाहेमा गाँउपालिकाले निर्णय गरि ठेक्का अवधि थप गर्न सक्नेछ । अथवा सोहि समयको मुल्याङन रकम ठेक्का ब्यबसाहिलाई तिरि पुनः ठेक्का वा स्यम गाँउपालिकाले सञ्चालन गर्न सक्ने छ ।

**१३. दरभाउपत्रदाताले आँबूखैरेनी गाँउपालिकालाई बुझाउन कबोल गरेको आर्थिक कबोल अंक ( मूल्य अभिबृद्धिकर बाहेक)**

अंकमा - ......% (बिक्रि मुल्यमा).

अक्षरमा रु.........................................

दरभाउपत्रदाताले भरको अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

**१४) दरभाउपत्रदाताले राखेको धरौटी रकमः**

अंकमा - .......................

अक्षरमा रु.........................................

माथि उल्लेखित सम्पूर्ण र्सत नियम तथा प्रावधानहरु र .............. गते प्रकाशित सूचना समेत पढी बुझि सोहि परिधिभित्र रही **मोटरबोट तथा पर्यापर्यटन कार्य संचालन तथा व्यवस्थापनको ठेक्का** सम्बधि कार्यगर्ने मञ्जुर गरी यो दरभाउपत्र फारम भरी पेश गरेको छु ।

दरभाउपत्रदाता फर्म र कम्पनीको नाम -
फर्म र कम्पनीको ठेगाना -
संचालकको नाम -
संचालकको स्थायी ठेगाना -
सम्पर्क ठेगाना र फोन नं -
ना.प्र.न -
पिता /पतिको नाम -
सहिछाप -

अनुसूची-२

# आँबुखैरेनी गाँउपालिका,

# गाउँ कार्यपालिकाको कार्यालय

## आँबुखैरेनी तनहुँ , गण्डकी प्रदेश

आँबुखैरेनी गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यालय, तनहुँ ......................... बिच आँबुखैरेनी गाँउपालिका वडा नं र २.१ स्थित तल्लो मस्र्याङ्दी जलबिधुत आयोजनाको जलाशयमा मोटरबोट तथा पर्यापर्यटन कार्य संचालन तथा व्यवस्थापनगन कार्यको लागि ठेक्का नं . ................ मिति .......... गते प्रकाशित सूचना बमोजिम पेश हुन आएका दरभाउपत्रहरु मध्ये अधिकतम मुल्याङ्कित सारभुतरुपमा प्रभाबग्राहि देखिएकोले स्वीकृत भई सोही सूचना बमोजिमको आर्थिक प्रस्ताबमा बिक्रिको कम्तिमा)...... कबोल गरेकोले दरभाउपत्र बमोजिम ( ........ बैंकको रु ...........बैंक जमानत प्राप्त भैसकेकोले तपसिल बमोजिमको सम्झौता गरिएको ( छ ।

**तल्लो मस्र्याङ्दी जलबिधुत आयोजनाको जलाशयमा मोटरबोट तथा पर्यापर्यटन कार्य संचालन तथा व्यवस्थापनका सम्बन्धी सम्झौता पत्र**

यस सम्झौता पत्रमा न आँबुखैरेनी गाँउपालिका,, गाउँकार्यपालिकाको कार्यालय, तनहुँयसपछि ) र (प्रथमपक्ष भनिएको......... बिच (यसपछि दोस्रोपक्ष भनिएको ) आँबुखैरेनी गाउँपालिका वडा नं १/२ स्थित तल्लो मस्र्याङ्दी जलबिधुत आयोजनाको जलाशयमा मोटरबोट तथा पर्यापर्यटन कार्य संचालन तथा ब्यवस्थापनपनका लागि दरभाउपत्र स्वीकृत भई सम्झौता गर्न उपस्थित भएकोले तपशीलमा उल्लेखित सम्झौताको शर्तनामाहरुको अधिनमा तोकिएको कार्य गर्ने र गराउने गरी आपसी सहमती र मञ्जुरीमा आँबुखैरेनी गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यालय, आँबुखैरेनीमा बसि लेखि लेखाइ एक प्रति बुझि लियौ ।

## सम्झौताका शर्तहरु

दोस्रोपक्षले तल्लो मस्र्याङ्दी जलबिधुत आयोजनाको जलाशयमा मोटरबोट तथा पर्यापर्यटन कार्य संचालन तथा व्यवस्थापन गर्न तपशिल बमोजिमको सम्झौताको शर्त रहनेछ ।

# १. ठेक्का संचालन तथा ब्यवस्थापनको कार्यक्षेत्र

आँबुखैरेनी गाँउपालिकाले गरेको सम्भाव्यता अध्ययनको **Figure 1** अनुसारको क्षेत्र भित्र पर्ने तल्लो मस्र्याङ्दी जलविद्यु आयोजनाको जलाशय तथा पृथ्वी राजमार्ग देखि उत्तर पुर्व रहेको पानिको भाग र यसको ३०० मिटर दायाँ बायाँको किनाराको क्षेत्र समेत यस ठेक्का सम्झौताको कार्यक्षेत्र पर्दछ । जसलाई आयोजना समेत भनिने छ ।




*Figure 1: Study Area*

## २. शुल्क तथा राजश्व सम्बन्धमा

**टिकट दस्तुर** शुल्क, **न्युनतम दस्तुर (पर्यटन बापत मनोरंजन कर)** तथा राजश्व आँबुखैरेनी गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख भएबमोजिम तपशिलको ढांचामा हुनेछ । राजश्व रकम टिकटमानै उल्लेख गरि आन्तरिक राजश्व ले प्रमाणिकरण गरेको प्रयोग गर्नु पर्ने छ ।

क. मोटरबोट क्रिडाको बिक्रि मुल्य निम्न बमोजिम हुनेछ । समय अनुसार नयाँ नया जलक्रिडाको टिकट मुल्य तथा राजश्व रकम आपसि समझदारि बाट तय गरिने छ ।

| शिर्षक | प्रतिशत | स्पीड मोटरबोट सवारी ५ मिनट+ | स्पीड मोटरबोट सवारी १० मिनट + | स्पीड मोटरबोट सवारी २० मिनट + |
|---|---|---|---|---|
| आधार मुल्य | | | | |
| इन्धन सुनिश्चित मुल्य | | | | |
| जम्मा रकम | | | | |
| गाउँपालिका राजस्व | | | | |
| जम्मा करयोग्य रकम | | | | |
| भ्याट रकम | १३% | | | |
| जम्मा टिकट मूल्य | | | | |
| | | | | |

ख. तोकिएको दररेट संशोधन गर्ने अधिकार आँबुखैरेनी गाउँपालिकालाई हुनेछ। तर दररेटको परिमार्जनबाट ठेक्कामा पर्नजाने अनुकुल , प्रतिकुल प्रभावलाइ मुल्याङन गरी सहमतीमा गाँउपालिका राजश्वमा मिलान गर्न सकिनेछ।

### ३. सम्झौता अवधी तथा नवीकरणः

यस ठेक्का सम्झौताको अवधी आयोजना निर्माणको कार्य सम्पन्न भई गाउँपालिकाले आयोजना संचालनको लागि कार्यादेश दिएको मितिवाट शुरु तथा लागु भइ १० (दश) वर्षसम्म कायम रहनेछ ।

### ४. अनुमतिपत्रः

(१) आयोजना क्षेत्रमा पर्यटन पूर्वाधार विकासको लागी आयोजनाको संचालनको कार्य गर्न को लागि कम्पनीले अनुमतिपत्रको लागि गाउँपालिकामा निवेदन दिइ अनुमतिपत्र प्राप्त गर्न सक्नेछ साथै प्रथम पक्षले दोस्रो पक्षलाई कायार्थ अनुमतिपत्र जारी गर्नेछ ।

**५. दोस्रो पक्षको जिम्मेवारी**

(१) आँबुखैरेनी गाँउपालिकासंग समन्वय गरी आवश्यक पर्यटकीय पूर्वाधार निर्माण गर्ने ।

(२) कार्ययोजना वमोजिम गर्नुपर्ने निर्माणका कार्यहरु सम्झौता पत्रमा तोकिएको अवधीभित्र सम्पन्न गर्ने ।

(३) आयोजना क्षेत्रको सार्वजनिक जग्गाको प्रयोग तथा मध्यमस्र्याङ्दी जलबिधुत परियोजना अन्तर्गत रहेको जलाधर क्षेत्रमा मोटरवोट सञ्चालन गर्दा पर्यावरणीय, प्राकृतिक, सांस्कृतिक तथा सामाजिक वातावरणमा असर नपुग्ने गरी पूर्वाधार निर्माण तथा पर्यटकीय गतिविधि सञ्चालन गर्ने ।

(४) सडक मापदण्ड तथा अन्य मापदण्डहरुको पालना गरी पर्यटकीय पूर्वाधार निर्माण गर्ने ।

(५) सामाजिक र सांस्कृतिक वातावरणमा हानी नपुग्ने गरी पर्यटकीय गतिविधि सञ्चालन गर्ने ।

(६) पूर्वाधार निर्माणको सिलसिलामा तथा अन्य गतिविधिहरु सञ्चालन गर्दा गाँउपालिकासंग आवश्यक समन्वय गर्ने ।

(७) गाउँपालिकाले दिएका निर्देशन तथा सुझावहरु पालना गर्ने तथा कार्यान्वयन गराउने ।

(८) कानून वमोजिम गाँउपालिकाले लगाउने कर राजश्व समयमै(साप्ताहिक) गाँउपालिकालाई बुझाउने ।

(९) कानूनी प्रक्रिया भित्र रहेर तथा कानूनी प्रक्रिया पुरा गरेर मात्र प्राकृतिक श्रोतको उपयोग गर्ने ।

(१०) निर्माण गरिएका पूर्वाधार विकासका कार्यहरुबाट पर्यटकीय गतिविधिमा आवश्यक सहयोग पुगेको हुनुपर्ने ।

(११) आबश्यक अनुमति लिनु पर्नेमा अनुमति लिएर मात्र कार्य संचालन गर्ने ।

(१२) Four Stock Engine भएको मोटरबोट मात्र प्रयोग गर्नु पर्ने छ ।

(१३) मोटरबोटको LOG Book हुनु पर्ने तथा Live GpS Tracking द्धारा कुनै पनि जलयान Tracking गर्न सक्ने ब्यबस्था गर्नु पर्ने । गाँउपालिकाले आबश्यक ठानेमा गाँउपालिकाको कार्यालयबाट समेत हेर्ने ब्यबस्था गर्नुपर्ने ।

(१४) प्रतेक बोटमा Fast Communication को लागि सूचना मन्त्रालयले उपलब्ध गराउको फ्रिक्योन्सिमा चल्ने IP PROOF तथा पानिमा तैरने रेडियो हुनु पर्ने छ । साथै नजिकको सुरक्षा निकाए संग समेत संचार स्थापित गर्नु पर्ने छ ।

(१५) अनिबार्य रुपमा सिट संख्या बराबर Life Jacket हुनुपर्ने छ । प्रतेक बर्ष नयाँ Life Jacket परिबर्तन गर्नुपर्ने छ ।

(१६) अनिबार्य रुपमा प्रतेक मोटरबोटमा एक एक वटा थ्रो ब्याग, Rescue Boat हुनु पर्ने छ ।

(१७) अनिबार्य रुपमा १ वटा अलगै उदारको सामाग्रि तथा Life Guard सहितको Rescue Boat हुनुपर्ने ।

(१८) जलाशयमा मोटरबोट तथा पर्यापर्यटन कार्य गर्नको लागि आवश्यक वातावरण तयार गर्नुपर्नेछ ।

(१९) जलाशयमा मोटरबोट प्यारासेलिङ्ग, जेटस्की, ATV, UTV तथा अन्य पानि तथा पर्यापर्यटन सम्बन्धी कार्य संचालन गर्न पाईने छ र त्यसको लागि चाहिने पुर्वाधार निर्माण ठेक्का व्यवसाईले नै गर्नुपर्ने छ ।

(२०) जलाशयमा क्षेत्र वरीपरी कुनैपनि जग्गा रेस्टुरेन्ट संचालन गर्नको लागि आवस्यक पर्ने जग्गा भाडामा लिई पुर्वाधार निर्माण गर्ने कार्य ठेक्का व्यवसायीले नै गर्नुपर्ने छ ।

(२१) पर्यटकलाई आकर्षित गर्न अन्य आवश्यक पूर्वाधार जस्तै प्राकृतिक बगैचा निर्माण ठेक्का व्यवसायीले नै गर्नुपर्ने छ यसको लागि गाँउपालिकाले आबश्यक जग्गा तथा बोटबिरुवा उपलब्ध गराउने छ ।

(२२) Sea Beach भन्ने बित्तिक्कै स्ट्रीट फुड तथा Beach Umbrella ले सुसजित हुनेमा प्रख्यात स्थानिय परिकार तथा उत्पादन को लागि ठेला व्यवसायसमेत गर्ने गराउने साथै आफ्नो फोहोर आफै व्यवस्थापन गर्ने गरी स्ट्रीट फुड संचालन र व्यवस्थापन ठेक्का व्यवसायीले नै गर्नुपर्ने छ । यसको लागि आबश्यक जग्गा प्रथम पक्षले उपलब्ध गराउने छ ।

(२३) पर्यटकको मनोरन्जनलाई थप उत्साहित पर्न नयाँ नयाँ पर्यापर्यटन कार्य व्यवसायीले नै गर्नुपर्नेछ ।

(२४) अनिबार्य रुपमा प्रति ब्यक्ति रु दशलाख बराबरको बिमा गराउनु पर्नेछ ।

(२५) मोटरबोटमा भवितव्य हुने क्षेतीको जिम्मा लिनुपर्नेछ । (मानविय ,मेसिन )

(२६) प्रचलित कानून विपरित ठहरिने कुनै पनि कार्य गर्न गराउन पाइने छैन ।

## ११ . प्रथम पक्षको जिम्मेवारी

(१) उल्लेखित मोटरबोट तथा पर्यापर्यटन कार्य संचालन तथा ब्यवस्थापन गर्नको लागि आबश्यक अनुमति दिने छ ।

(२) जलाशयमा मोटरबोट तथा पर्यापर्यटन कार्य गर्नको लागि आवश्यक वातावरण तयार गरिदिने छ ।

(३) जलाशयमा मोटरबोट प्यारासेलिङ्ग, जेटस्की, ATV, UTV तथा अन्य पानि तथा कार्यक्षेत्र भित्र पर्यापर्यटन सम्बन्धि कार्य संचालन लागि चाहिने पुर्वाधार निर्माण गरिदिने छ वा व्यवसाय संचालनबाट प्राप्त हुने राजश्वमा मिलान गर्ने गरि ठेक्का संचालकलाई नै पुर्वाधार निर्माण गर्न लगाउने र उक्त लागतलाइ अग्रिम राजश्वको रुपमा मान्यता दिन सकिनेछ ।

(४) उल्लेखित मोटरबोट तथा पर्यापर्यटन कार्यगर्न आबश्यक आयोजना निर्माण तथा संचालन गर्दा वातावरण संरक्षण ऐन, २०५३ तथा नियमावली, २०५५ ले तोकेका व्यवस्था तथा प्रक्रियाको पुरा गरिदिने छ ।

(५) कार्यक्षेत्र भित्र मोटरबोट तथा पर्यापर्यटन कार्य संचालन तथा ब्यवस्थापन गर्नको लागि जलबिधुत आयोजना, सडक, वा छिमेकी स्थानिय निकाय बाट लिनुपर्ने सहमती, सिफारिस प्राप्त गरि कार्य संचालनको लागि आवश्यक वातावरण तयार गरिदिनेछ ।

(६) चुस्त दुरुस्त व्यवसाय संचालको लागि सुरक्षा प्रदान गर्ने । कुनै विवाद वा समस्या पर्न आएमा समाधानको लागि भुमीका निर्वाह गर्ने ।

(७) मोटरबोट Lunch Ramp, Parking , Passenger Waiting घर, Toilet, मर्मत स्थान, सुरक्षाकर्मीको बासस्थान, Control Room, पार्किङ्ग स्थालको लागि आबश्यक जग्गा गाउँपालिकाले निम्न स्थानमा उपलब्ध गराउने ।

(८) Lunch Ramp मोटरबोट पार्किङ्ग तथा यात्रु चड्न ओर्लनको लागि पोर्ट A – 27°55'"31.7N 84°29'"23.4E मा तथा पोर्ट B – 27°55'"50.8N 84°28'"49.6E तथा पोर्ट C – 27°56'"04.0N 84°28'"35.5E मा Lunch Ramp तयार गर्नु पर्ने छ । यसको लागि कम्तिमा ५ वटा मोटरबोट रहने गरि ८० मिटर नदिकिनार सहित ५० मिटर चौडा जग्गा प्रथम पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने छ ।

(९) पार्किङ्ग स्थालको – पोर्ट संगै कम्तिमा २० वटा ठूला बस तथा २० साना कार , ५० मोटरसाइकल रहने गरि प्रथम पक्षले दोस्रो पक्षलाई स्थान उपलब्ध गराउने छ ।

(१०) Passenger Waititng घर – पोर्ट संगै टिकट काउन्टर रहने स्थानमा कम्तिमा १०० जना यात्रु बिश्राम कक्षको लागि प्रथम पक्षले दोस्रो पक्षलाई स्थान उपलब्ध गराउने छ ।

Motor Boat Station को लागि प्रथम पक्षले दोस्रो पक्षलाई कित्ता नंउपलब्ध ................ गराइनेछ ।

मर्मत स्थान – दोश्रो पक्षले ढुङ्गा संचालनको क्रममा ढुङ्गा बिग्रिएको खण्डमा सो को मर्मत संभार तालमा असर गर्ने गरी गर्न पाईने छैन । मर्मत संभारको लागि प्रथम पक्षले कित्ता नं..... मा पृथ्वी राजमार्ग संग जोडिएको २ रोपनी जग्गा उपलब्ध गराउने छ साथै उक्त स्थानमा दोश्रो पक्षले डुङ्गा मर्मत संभार घर निर्माण गरी ब्यवस्थापन गर्नु पर्नेछ ।

(११) सुरक्षा कर्मिको बासस्थान–

**Control Room, Staff Parking**

१. बिजुली र पानीको को लागि आबश्यक सिफारिस गरिदिने ।

२. आवश्यकतानुसार अन्य निकायहरुसंग समन्वय गरी कम्पनीलाई सहयोग पुर्याउने ।

३. गाउँपालिका भित्रको पर्यापर्यटन कार्यको विज्ञापन तथा प्रचार प्रसारको लागी प्रथम पक्षले विशेष अनुदान सहित सहयोग गर्ने गराउने छ ।

## १२. अन्य सम्झौताका शर्तहरु

१. सम्झौता बमोजिम जलयात्रा तथा पर्यापर्यटन कार्य सञ्चालन गर्न ठेक्का बन्दोवस्त गर्ने संचालकलाई कुनै किसिमबाट बाधा हुने पर्ने गरी आँबुखैरेनी गाँउपालिबाट निर्देशन वा हस्तक्षेप गरिनेछैन । तर, सम्झौता अनुरुप कार्य नगरेको अवस्थामा दिएको निर्देशनलाई बाधा ब्यावधान गरेको मानिनेछैन । संचालकको कार्यमा बाधा नपर्ने गरी जुनसुकै समयमा निरिक्षण गर्न सकिनेछ । निरिक्षण आवश्यक सहयोग पुर्याउनु संचालकको कर्तव्य हुनेछ ।

२. कुनै विवाद वा समस्या पर्न आएमा असर परेको पक्षले अर्को पक्षलाई लिखित सूचना दिई समाधानका लागि पहल गर्नुपर्नेछ ।

३. अन्य कुराहरु आँबुखैरेनी गाँउपालिकाको समन्वय तथा निर्णय एवं सार्वजनिक खरिद ऐन २०६३ नियमावली २०६४ र प्रचलित कानून बमोजिम हुनेछ ।

४. दरभाउपत्रदाताले बुझेका सम्पूर्ण सम्पत्तिहरु जस्तो अवस्थामा बुझेको हो सम्झौता समाप्त पश्चात सोही अवस्थामा दोस्रो पक्षलाई उक्त सम्पक्तिहरु बुझाउनु पर्नेछ ।

५. सम्झौता अविधि सकिएपछि पनि सोहि फर्मले काम गर्न चाहेमा गाँउपालिकाले निर्णय गरि नियमानुसार ठेक्का अवधि थप गर्न सक्नेछ । अथवा सोहि समयको लगानी मुल्याङ्न रकम दोस्रो पक्षलाइ तिरि पुनः ठेक्का वा स्वयं गाँउपालिकाले सञ्चालन गर्न सक्ने छ ।

६. ठेक्का अवधिको शुरु कार्यादेश **दिए**को मितिले हुनेछ ।

७. कार्यसंचालन सम्बन्धमा दुई पक्ष बिच कुनै मतभेद सिर्जना भएमा आपसी वार्ता तथा सहमती बाट समाधान गरिने छ । प्रथम पक्षको निर्णय अन्तिम हुनेछ ।

८. दुबै पक्षको लिखित सहमति बिना यस सम्झौताका सर्तहरुमा कुनै पनि पक्षले कुनै किसिमको परिवर्तन वा संसोधन गर्न पाउने छैन ।

१३. आँबुखैरेनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यलय तनहुँमा दुवै पक्षको राजिखुसीमा तलको मिति मा हस्ताक्षर गरी एक एक लियौं दियौं ।

| | |
|---|---|
| प्थम पक्षको तर्फ बाट | दोस्रो पक्षको तफ बाट |
| हस्ताक्षर............... | हस्ताक्षर................. |
| नामः .... | नामः |
| पदः प्रमुख प्रसासकीय अधिकृत | कम्पनिको नामः |
| मितिः............... गते | मितिः .............गते |

रोहवर :

१। श्री ..................**अध्यक्ष आँबूखैरेनी गाँउपालिका**, तनहु ।

२। श्री ................उपाध्यक्ष, आँबुखैरेनी गाउँपालिका तनहुँ

३। श्री ............. वडा अध्यक्ष वडा नं १, आँबुखैरेनी गापा. ।

४। श्री ............. वडा अध्यक्ष ,२वडा नं ,आँबुखैरेनी गापा.

समाप्त

**आज्ञाले**
**विष्णुप्रसाद शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**

# आबुँखैरेनी गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ७** **संख्याः १७** **मितिः २०८०/०९/१७**

भाग-२

आँबुखैरेनी गाउँपालिका

## सामुदायिक विद्यालयका विद्यार्थीको परिवारको स्वास्थ्य बिमा कार्यक्रम कार्यविधि,२०८०

प्रमाणीकरण मिति
२०८०/०९/१७

**प्रस्तावना :**

नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवा र आधारभुत शिक्षालाई मौलिक हकको सुचिमा राखेको छ यसको प्रत्याभूति दिलाउने दायित्व स्थानीय सरकारको रहेको छ आँबुखैरेनी गाउँपालिकामा स्थायी बसोबास गरेका भौगोलिक बिकट तथा आर्थिक रूपले पिछड़िएको क्षेत्र साथै अल्पसङ्ख्यक, नागरिकहरूको गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवामा पहुँच र उपयोगको अवस्था सुनिश्चित गर्न, आँबुखैरेनी गाउँपालिकाको नीति तथा कार्यक्रमलाइ प्रभावकारी रुपमा संचालन गर्न, सामुदायिक शिक्षा पार्टी आम बिश्वास पैदा गर्न वाञ्छनीय भएकोले, आँबुखैरेनी

गाउँपालिकाले स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा (१०२) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ :

१. यस कार्यविधिको नामः सामुदायिक विद्यालयका विद्यार्थीको परिवारको स्वास्थ्य बिमा कार्यक्रम कार्यविधि,२०८० रहेको छ ।

२. यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

## २. परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. **गाउँपालिकाः** भन्नाले आँबुखैरेनी गाउँपालिका सम्झनुपर्छ ।

ख. **अध्यक्षः** भन्नाले आँबुखैरेनी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

ग. **कार्यपालिकाः** भन्नाले आँबुखैरेनी गाउँकार्यपालिकालाई सम्झनुपर्छ ।

घ. **वडा समितिः** भन्नाले आँबुखैरेनी गाउँपालिकाको सम्बन्धित वडा समिति सम्झनुपर्छ ।

ङ. **कार्यालयः** भन्नाले आँबुखैरेनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

च. **बिद्यार्थीः** भन्नाले यस आँबुखैरेनी गाउँपालिकामा स्थायी बसोबास गर्ने, पालिका अन्तर्गतका सामुदायिक बिद्यालयमा अध्ययन गर्ने बिद्यार्थी भन्ने सम्झनुपर्छ ।

छ. **अभिभावकः** भन्नाले सामुदायिक बिद्यालयमा अध्ययन गर्ने बिद्यार्थीको बुबा, आमा, सौतेनी बुबा, सौतेनी आमा र एकाघरका हजुरबुवा हजुरआमा, दाजुभाइ, दिदीबहिनी भन्ने बुझिन्छ । साथै बंशजको नाता खुल्ने बुबाआमा हजूरबुवा हजुरआमा नभएको हकमा हाल उक्त बिद्यार्थीको लालन पालन गर्दै आईरहेको संरक्षक भन्ने सम्झनुपर्छ ।

ज. **स्वास्थ्य बिमाः** भन्नाले स्वास्थ्य बिमा ऐन बमोजिमको नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत स्वास्थ्य सेवा प्राप्तिका लागी व्यक्ति एवं परिवारले गर्ने बिमा सम्झनु पर्छ ।

झ. **योगदान रकमः** भन्नाले नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत स्वास्थ्य बिमामा सहभागी हुदाँ बिमितले बुझाउने योगदान रकम (प्रिमियम) मा आँबुखैरेनी गाउँपालिकाले दायित्व बहन गर्ने रकमलाई सम्झनु पर्छ ।

ञ. **छनौट समितिः** छनौट समिति भन्नाले दफा ५ बमोजिम गठित समिति बुझ्नुपर्दछ ।

ट. **बिमितः** भन्नाले स्वास्थ्य बिमा कार्यक्रममा सहभागी भई योगदान रकम (प्रिमियम) भुक्तानी गरेको परिवारलाई सम्झनु पर्छ ।

ठ. **बोर्डः** भन्नाले स्वास्थ्य बिमा बोर्ड सम्झनुपर्छ ।

ड. **दर्ता सहयोगीः** भन्नाले स्वास्थ्य बिमा नियमवाली २०७५ को अनुसार नियुक्ती भएका व्यक्ति वा स्वास्थ्य बिमामा आवद्द भई अभिकर्ताको रुपमा कार्यरत व्यक्तिलाई सम्झनुपर्छ ।

## ३. स्वास्थ्य बीमाका लागि योग्य हुने लाभग्राहीः

१ आँबुखैरेनी गाउँपालिकाको स्थायी बसोबास भई वडा नं. ४, वडा न. ५ र वडा नं. ६ का सामुदायिक विद्यालयमा कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीको परिवार यस कार्यविधि अन्तर्गतको लाभग्राही हुनेछ।

## ४. लाभग्राहीको निर्धारण तथा छनौटः

१. आँबुखैरेनी गाउँपालिकाको स्थायी बसोबास भई वडा नं. ४, वडा न. ५ र वडा नं. ६ अन्तर्गतका सामुदायिक विद्यालयले आफ्नो विद्यालयको कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीको विवरण सहित अनुसूची १ बमोजिमको निबेदन सम्बन्धित वार्ड कार्यालयमा पेश गर्नुपर्नेछ ।यसरी सुची पेश गर्दा प्रति विद्यार्थीको अधिकतम पांच जना परिवारको सदस्यको नामावली र नाता प्रमाणित कागजात समाबेश गर्नुपर्नेछ ।

२. सम्बन्धित बिद्यालयले पेश गरेको निबेदन रुजु गरी आवश्यकता अनुसार सम्बन्धित वडा कार्यालयले संसोधन गरी अनुसुचि २ बमोजिमको ढाँचामा गाउँपालिकामा सिफारिस गरी पठाउनेछ ।

३. सम्बन्धित वार्ड कार्यालयबाट प्राप्त सिफारिसको आधारमा गाउँपालिकाले आवश्यक निर्णय गरी लाभग्राही बिद्यार्थी र बिमितको अन्तिम सुची प्रमाणीकरण गर्नेछ ।

## ५. छनौट समितिः

सम्बन्धित वार्ड कार्यालयबाट प्राप्त सिफारिस लाई रुजु गरी अन्तिम नामावली प्रमाणीकरणका लागि गाउँकार्यपालिकामा सिफारिस गर्न तपशिल बमोजिमको एक छनौट समित रहनेछ ।

संयोजक : सामाजिक विकास समितिको संयोजक

सदस्य : प्रमुख प्रशासकीय अधिकृत

सदस्यः स्वास्थ्य शाखा प्रमुख

सदस्य : प्रशासन प्रमुख

सदस्य सचिव : शिक्षा शाखा प्रमुख

## ६. योगदान रकमको सिमा

१. एक जना लाभग्राहिले नेपाल सरकार बिमा ऐन, बिमा बोर्डले तोकेको प्रति बर्ष प्रति पांच जना परिवार बराबर रु ३५०० (अक्षरमा तिन हजार पांच सय रुपयाँ) रकम बराबरको रकम गाउँपालिकाले लागानी गर्ने गरी स्वास्थ्य बिमा गरिदिनेछ।

२. यदि कुनै लाभग्राहिको परिवार नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रममा आबद्द रहेको छ भने रु ३५०० (अक्षरमा तिन हजार पांच सय रुपयाँ) बराबरको बिमा रकम गाउँपालिकाले लागानी गर्नेछ ।

३. बिमित ले पाउने स्वास्थ्य सेवा सुबिधा प्रचलित कानुन बमोजिम हुनेछ ।

## ७. प्रचलित कानुन बमोजिम हुने :

१. स्वास्थ्य बिमा बोर्डको ऐन, नियमवाली, कार्यविधि, निर्देशिका तथा निर्णयहरु यस कार्यक्रम कार्यन्यवन प्रक्रियामा मार्गदर्शनको रुपमा पहिलो प्राथमिकतामा रहनेछ ।

२. यस कार्यविधीमा लेखिएका कुराहरुको हकमा यसै बमोजिम र नलेखिएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

# अनुसूची-१

मितिः

श्री वडा अध्यक्ष ज्यू,
वडा न...
आँबुखैरेनी गाउँपालिका, गाउँ कार्यापालिकाको कार्यालय, तनहुँ ।

**विषय : स्वास्थ्य बीमा कार्यक्रमको लाभग्राही/बिमित सुची पेश गरेको सम्बन्धमा।**

आँबुखैरेनी गाउँपालिकाको आर्थिक वर्ष २०....................... मा स्वीकृत सामुदायिक विद्यालयका विद्यार्थीको परिवारको स्वास्थ्य बिमा कार्यक्रम कार्यविधि, २०८० बमोजिम यस बिद्यालयमा कक्षा पांच सम्म अध्ययनरत बिद्यार्थी र निजको परिवारको सदस्य विवरण निम्नानुसार पेश गरेको छु।

| | विद्यार्थीको विवरण | | अभिभावकको विवरण (अधिकतम चार जना) | | |
|---|---|---|---|---|---|
| सि.न. | विद्यार्थीको नाम थर | कक्षा | नाम थर | नाता | कैफियत |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**संलग्न गर्नुपर्ने कागजहरुः**

**विद्यालयको नाम र छाप.**

क. प्रत्येक अभिभावकको नागतरिकताको फोटोकपी
ख. बालबालिकाको (विद्यार्थीको) जन्म दर्ता
ग. प्रत्येक अभिभावक र विद्यार्थीको नाता प्रमाणित पत्र

**प्र. अ. को नाम र हस्ताक्षर**

# अनुसूची-२

मितिः

श्री प्रमुख प्रशासकीय ज्यू,
आँबुखैरेनी गाउँपालिका, गाउँ कार्यापालिकाको कार्यालय, तनहुँ ।

**विषय : स्वास्थ्य बीमा कार्यक्रमको लाभग्राही/बिमित सुची सिफारिस सम्बन्धमा।**

आँबुखैरेनी गाउँपालिकाको आर्थिक वर्ष २०...................... मा स्वीकृत सामुदायिक विद्यालयका विद्यार्थीको परिवारको स्वास्थ्य बिमा कार्यक्रम कार्यविधि, २०८० बमोजिम बिद्यालय बाट प्राप्त निबेदन रुजु गरी यस कार्यालयबाट तपशिल बमोजिमको बिद्यालयमा कक्षा पांच सम्म अध्ययनरत बिद्यार्थी र निजको परिवारको सदस्य विवरण निम्नानुसार प्रमाणित गरि पेश गरेको छु।

विद्यालयको नाम र ठेगानाः

| | विद्यार्थीको विवरण | | | अभिभावकको विवरण (अधिकतम चार जना) | | | |
|---|---|---|---|---|---|---|---|
| सि.न. | विद्यार्थीको नाम थर | कक्षा | विद्यार्थीको जन्मदर्ता छ/छैन | नाम थर | नागरिकताको प्रमाणपत्र छ/छैन | नाता प्रमाणित छ /छैन | कैफियत |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

हस्ताक्षर
वडा अध्यक्ष

हस्ताक्षर
वडा सचिव

**आज्ञाले**
**विष्णुप्रसाद शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**

# आबुँखैरेनी गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ७ संख्याः १ मितिः २०८०/०४/२१**

भाग-२

आँबुखैरेनी गाउँपालिका

## शिक्षासंग सीप कार्यक्रम कार्यविधि, २०८०

प्रमाणीकरण मिति
२०८०/०४/२१

**प्रस्तावना**

आँबुखैरेनी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई पढाई संगसंगै सीपमूलक कार्यक्रममा सहभागी भई स्वआर्जन गरी स्वावलम्बी बन्न सहयोग पुग्ने उद्धेश्यले तथा स्वआर्जन गरी अध्ययन गर्न इच्छुक तथा गरीबीको कारणबाट आय आर्जन गरी पढ्नु पर्ने अवस्थामा रहेका विद्यार्थीहरुमा उद्यमशीलता, स्वावलम्बन, प्राविधिक सीप तथा व्यवसायिक सोच विकास गरी आत्मनिर्भर बनाउन र पाठ्यक्रममा आधारित गुणस्तरीय शिक्षाको सुनिश्चित गर्दै पढाईलाई निरन्तरता दिन साधारण र प्राविधिक तथा व्यवसायिक धारका विद्यालय मार्फत आय आर्जनको अवसर प्रदान गरी पढ्दै कमाउँदै कार्यक्रम सरल, सहज

र प्रभावकारी ढंगले कार्यन्वयन गर्न वाञ्छनीय भएकाले आँबुखैरेनी गाउँपालिका शिक्षा ऐन, २०७९ को दफा १७ उपदफा (झ) प्रयोग गरी यो कार्यविधि बनाइएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम " शिक्षासंग सीप कार्यक्रम कार्यविधि २०८०" रहेको छ ।

(२) यो कार्यविधि गाउँपालिका क्षेत्रभर लागु हुनेछ।

(३) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. **"गाउँपालिका"** भन्नाले आँबुखैरेनी गाउँपालिकालाई सम्झनुपर्छ ।

ख. **"कार्यपालिका"** भन्नाले आँबुखैरेनी गाउँकार्यपालिकालाई सम्झनुपर्छ ।

ग. **"अध्यक्ष"** भन्नाले आँबुखैरेनी गाउँपालिको अध्यक्षलाई सम्झनुपर्छ ।

घ. **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले आँबुखैरेनी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

ङ. **"विद्यालय"** भन्नाले यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयलाई सम्झनुपर्छ ।

च. **"समिति"** भन्नाले यसै कार्यविधिको दफा ३ बमोजिम गठित शिक्षासंग सीप कार्यक्रम सहजीकरण तथा व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

छ. **"शिक्षा युवा तथा खेलकुद शाखा"** भन्नाले आँबुखैरेनी गाउँपालिकाको शिक्षा शाखालाई सम्झनुपर्छ ।

३. **कार्यक्रमको उद्येश्यः** (१) कार्यक्रमको प्रमुख उद्येश्य शिक्षालाई सीपसंग, सीपलाई श्रमसंग, श्रमलाई उत्पादनसंग र उत्पादनलाई बजारसंग जोडी भविष्यमा उद्यमी, व्यवसायिक, सीपयुक्त एवं स्वावलम्बी नागरिक बन्न सहयोग पुऱ्याउनु रहेको छ ।

(२) विद्यार्थीहरुलाई पढाई संगसंगै सीपसंग जोडी स्वावलम्बी बनाउने,

(३) अतिरिक्त आयमूलक कार्यक्रम सिर्जना गरी पढ्न पाउने उपर्युक्त वातावरण तयार गर्ने,

(४) सैद्धान्तिक ज्ञान संगसंगै व्यवहारिक ज्ञान प्रदान गर्ने,

(५) विद्यार्थीद्वारा उत्पादन गरिएका खाद्यान्न, तरकारी, फलफुल लगायतका वस्तुलाई विद्यालयको दिवाखाजा कार्यक्रममा उपयोग गर्न तथा स्थानीय बजारमा बिक्री वितरण गर्ने,

(६) पाठ्यक्रममा आधारित हुनेगरी सिकाईसंगसंगै सेवा तथा वस्तुको उत्पादनमा विद्यार्थीहरुलाई संलग्न गराई श्रमप्रति सचेतना बढाई अभिप्रेरित गर्दै स्वरोजगार र उद्यमशिल बन्न प्रेरित गर्नु.

**४. कार्यक्रम सञ्चालन हुने क्षेत्रः** (१) यो कार्यक्रम यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयबाट छनौट भएका विद्यालयहरुमा कार्यक्रम सञ्चालन हुनेछ ।

(२) कार्यक्रम सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी लक्षित हुनेछ ।

## परिच्छेद- २

## विद्यालय छनौट तथा अनुदान निर्धारण

**५. विद्यालय छनौटका आधारहरु तपसिल बमोजिम रहेका छन्:**

(१) विद्यार्थी तथा विद्यालयको रुची अनुसारको प्रस्ताव,

(२) गाउँकार्यपालिकाको निर्णय,

(३) अनुकूल हावापानी तथा भुगोल,

(४) समितिको सिफारिस ।

**६. अनुदान निकासा, सम्झौता तथा कार्यक्रम कार्यान्वयनः** (१) कार्यक्रम सञ्चालनका लागि छनौट भएका विद्यालयमा कार्यक्रम सञ्चालन गर्न शुरुमा ५०% अनुदान रकम विद्यालयको खातामा उपलब्ध गराईनेछ,

(२) बाँकी रकम विद्यालयको कार्य प्रगतिको आधारमा उपलब्ध गराईनेछ,

(३) गाउँपालिकाले कार्यक्रम कार्यान्वयनका लागि छनौट भएका विद्यालयसंग सम्झौता गरी अनुदान रकम निकासा गर्नेछ,

(४) विद्यालयमा सञ्चालन गरिने कार्यक्रमको सञ्चालन प्रक्रियाका लागि यस कार्यविधिको परिधिभित्र रही आवश्यकतानुसार अन्य कार्यविधि बनाई स्रोतको परिचालन गर्न सक्नेछ,

(५) विद्यालयको कार्यप्रगति तथा उपलब्धीको आधारमा गाउँपालिकाले आवश्यकतानुसार बजेट थप-घट गर्न सक्नेछ ।

(६) अनुदान प्राप्त गरी सम्झौता बमोजिम कार्य सञ्चालन नगर्ने विद्यालयले पहिलो निकासा भएको बजेट गाउँपालिकामा फर्ता गर्नुपर्नेछ ।

## परिच्छेद -३

## कार्यक्रम सञ्चालन क्षेत्र र क्रियाकलाप

**७. अनुदान उपलब्ध गराईने क्षेत्रहरुः** दफा ४ बमोजिम कार्यक्रमका सञ्चालनका लागि छनौट भएका विद्यालयलाई विद्यालयको प्रस्तावको आधारमा तपसिल बमोजिमको क्षेत्रमा सशर्त अनुदान रकम उपलब्ध गराईनेछः

(१) कृषि (बाली विज्ञान/ पशु विज्ञान/ बागवानी)

(२) इन्जिनियरिङ (सिभिल/ इलेक्ट्रिकल/ कम्प्युटर)

(३) पर्यटन तथा हस्पिटालिटी,

(४) वन तथा वातावरण,

(५) निर्माण,

(६) अटोमोबाइल,

(७) व्यवसायिक किट (मौरीपालन, च्याउ तथा रेसम खेती)

(८) अन्य ।

**८. अनुदान खर्च गरिने क्रियाकलापः** (१) यस कार्विधि बमोजिम छनौट भई अनुदान प्राप्त विद्यालयले कार्ययोजना सहितको प्रस्ताव तथा गाउँपालिकासंगको सम्झौताको अधिनमा रही तपसिलका शिर्षकमा अनदान रकम खर्च गर्न सक्नेछः

(१) उत्पादन तथा सेवा इकाई सञ्चालनका लागि विद्यालयको स्वामित्वमा रहेको वा भाडामा लिएको जग्गामा उत्पादनमूलक प्रहृतिको संरचना तयार गर्ने,

(२) उत्पादन तथा सेवा इकाईका लागि आवश्यक पर्ने औजार उपकरण तथा अन्य सामान खरीद गर्न र कार्यस्थलसंग सम्बन्धित प्रयोगशाला वा वर्कशप स्थापना गर्ने,

(३) पढ्दै कमाउँदै कार्यक्रमको उद्येश्य अनुरुप विद्यार्थीको सक्रियतामा विद्यालयको जग्गामा वा विद्यार्थीले आफ्नै जमीनमा वस्तु उत्पादन गरी विक्री वितरण गर्ने.

**९. कार्यक्रम कार्यान्वयन, सहजीकरण तथा अनुगमन समितिः** (१) कार्यक्रम कार्यान्वयन, सहजीकरण तथा अनुगमन गर्न देहाय बमोजिमको कार्यान्वयन सहजीकरण तथा अनुगमन समिति रहनेछः

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग)प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) लेखा शाखा प्रमुख - सदस्य

(ङ) शिक्षा शाखा प्रमुख - सदस्य-सचिव

(२) कार्यक्रम कार्यान्वयन, सहजीकरण तथा अनुगमन समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ तथा उक्त

बैठकमा सरोकारवाला निकायका प्रतिनिधि, सम्बन्धित क्षेत्रका विज्ञ र कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ ।

१०. **कार्यक्रम कार्यान्वयन, सहजीकरण तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः** कार्यक्रम कार्यान्वयन, सहजीकरण तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) कार्यक्रम कार्यान्वयनका लागि विद्यालयले पेश गरेको प्रस्तावमाथि छलफल तथा कार्यपालिकामा पेश गर्ने,

(२) कार्यक्रम कार्यान्वयनका लागि विद्यालयसंग समन्वय तथा सहजीकरण गर्ने,

(३) स्थानीय उद्योग वाणिज्य संघ लगायत व्यवसायिक संघ संस्थासंगबजार व्यवस्थापनका लागि आवश्यक समन्वय तथा सहजीकरण गर्ने,

(४) उत्पादनमूलक कार्यमा प्रयोग हुने गरी विद्यालयले निश्चित समयका लागि लिजमा जग्गा प्राप्त गर्न चाहेमा सहजीकरण गर्ने,

(५) विद्यालयको उत्पादन तथा सेवा ईकाईबाट सञ्चालित उत्पादनमूलक व्यवसायका लागि स्थानीय स्रोत, साधन तथा कच्चा पदार्थ उपलब्ध गराउन सहजीकरण गर्ने,

(६) आवश्यकतानुसार खरीद विक्री केन्द्र स्थापना गर्ने,

(७) स्थानीय तहमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरुसंग समन्वय गरी अन्य थप विद्यालयमा कार्यक्रम विस्तार गर्ने,

(८) स्थानीय तहभित्र खरीद विक्री केन्द्र व्यवस्थापन गरी विद्यालयलाई आवश्यक पर्ने वस्तु खरीद र विद्यालयद्वारा उत्पादित वस्तुको विक्री वितरणको लागि उपर्युक्त वातावरण तयार गर्ने,

(९) कार्यक्रम सञ्चालनका लागि संघीय तथा प्रदेश सरकारबाट विशेष अनुदान प्राप्तिको लागि आवश्यक समन्वय गर्ने,

(१०) कार्यक्रम सञ्चालनका लागि विद्यालयको प्रस्तावको आधारमा बिउ पुञ्जी रकम उपलब्ध गराउने,

(११) कार्यक्रम कार्यान्वयनका लागि विलालयलाई आवश्यक पर्ने थप स्रोत साझेदारीका रुपमा व्यवस्था गर्ने,

११. **विद्यालयको भूमिकाः कार्यक्रम कार्यान्वयनका लागि छनौट भएका विद्यालयको भूमिका देहाय बमोजिम हुनेछः**

(१) विद्यालयको आवश्यकताको आधारमा कार्यकमको प्रस्तावना गाउँपालिकामा पेश गर्ने,

(२) प्राप्त अनुदानको बजेट बाँडफाँड गरी सोही अनुसार खर्च गर्ने,
(३) विद्यार्थीले उत्पादन गरेका खाद्यान्न, तरकारी, फलफूल, मासुजन्य पदार्थ र अन्य वस्तु तथा सेवालाई दिवाखाजाको रुपमा विद्यालयमा उपयोग गर्ने वा स्थानीय बजारमा विक्री वितरण गर्न स्थानीय उद्योगी व्यवसायीहरुसंग आवश्यक समन्वय गर्ने,
(४) उत्पादन तथा सेवा इकाईमा भएका क्रियाकलापहरुको नियमित रुपमा अनुगमन गर्ने, आवश्यक राय, सल्लाह र सुझाव दिने,
(५) उत्पादन तथा सेवा इकाइ सञ्चालनका क्रममा देखिएका समस्या तथा समाधानका विषयमा छलफल गरी आवश्यक निर्णय लिने,
(६) कार्यक्रमको मूल प्रवाहमा नआएका विद्यार्थीहरुद्वारा आफ्नै घर वा करेसाबारीमा उत्पादित वस्तुलाई समेत उत्पादन तथा सेवा इकाई मार्फत बिक्री वितरणको व्यवस्थना मिलाई अध्ययनका लागि प्रोत्साहित गर्ने,
(७) वस्तु तथा सेवा उत्पादन गर्ने गरी विद्यालयको जग्गा र प्राप्त स्रोतलाई उपयोगमा ल्याउने,
(८) कार्यक्रम कार्यान्वयनको क्रममा कुनै समस्या देखिएमा कार्यान्वयन सहजीकरण समितिसंग समन्वय गरी समाधान गर्ने,
(९) विद्यार्थीले गरेको आम्दानीको निश्चित अंशबाट कोषवृद्धि योजना बनाई लागू गर्ने,
(१०) व्यवसाय शुरुवात (स्टार्ट अप बिजनेस ) तालिम सञ्चालन गर्ने,
(११) खरीद बिक्री केन्द्र स्थापनाको लागि स्थानीय तहसंग सहकार्य गर्ने,
(१२) वर्षभरीमा भएका कामको उपलब्धी समेटिएको बुलेटिन तयार गरी शिक्षा, युवा तथा खेलकुद शाखामा पठाउने,

१२. **विद्यालयका प्रधानाध्यापकको भूमिकाः** कार्यक्रम सञ्चालन गर्न छनौट भएका विद्यालयको प्रधानाध्यापकको भूमिका देहाय बमोजिम हुनेछः
(१) विद्यालयको व्यवसायिक योजना बनाई विद्यार्थीको व्यवसायिक सिकाई समूह गठन गर्ने,
(२) गठन भएका व्यवसायिक सिकाई समूहलाई जिम्मेवारी बाँड फाँड सहित क्रियाशिल बनाउने,
(३) विद्यालयबाट तोकिए बमोजिमको समयमा पढाईसंगै उत्पादन तथा सेवा इकाई वा सो संग सम्बन्धित गतिविधिमा विद्यार्थी परिचालन गर्ने,
(४) आवश्यकतानुसार उत्पादन तथा सेवा इकाई गठन गरी विद्यालयका शिक्षक प्रशिक्षकहरुमध्येबाट संयोजक, उत्पादन प्रमुख र बजारीकरण प्रमुख तोकी नियमित

प्रशिक्षण कार्यको अतिरिक्त उत्पादन तथा सेवा इकाईसंग सम्बन्धित कार्यहरु समेत गर्ने गरी जिम्मेवारी दिने,

(५) समय-समयमा स्थानीय उद्योगी व्यवसायीसंग अन्तर्क्रिया गरी उत्पादन तथा सेवाको बजार सम्बन्धी सूचना लिई बजार प्रवर्द्धन गर्ने,

(६) व्यवसायिक समूहहरुबाट आएको आर्थिक गतिविधिहरुको हिसाब राख्ने, राख्न लगाउने,

(७) कार्यक्रमलाई निरन्तरता प्रदान गर्न विद्यालयमा जोडकोषको व्यवस्था गरी उक्त कोषबाट विद्यार्थीलाई पढ्दै कमाउँदै गर्न बीउ पुञ्जी उपलब्ध गराउने,

(८) कमाईसंगै उक्त रकम विद्यामर्थीबाट किस्ताबन्दी रुपमा विद्यालयको कोषमा जम्मा गर्ने व्यवस्था मिलाउने,

(९) कार्यक्रम प्रगति प्रतिवेदन नियमित रुपमा शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्ने,

(१०) विद्यार्थीले तयार गरी पेश गरेको परियोजना कार्यको प्रतिवेदनको अभिलेख व्यवस्थित गर्ने,

(११) विद्यालयसंग सम्बन्धित तथ्याङ्क एवं विवरणलाई नियमित रुपमा अद्यावधिक गरी एकिकृत शैक्षिक सूचना प्रणाली प्रविष्टी गर्ने,

(१२) विद्यार्थीको कार्यको नियमित अनुगमन गरी आवश्यक सल्लाह सुझाव प्रदान गर्ने ।

१३. **शिक्षक तथा प्रशिक्षकको भूमिकाः** कार्यक्रम सञ्चालन भएका विद्यालयको शिक्षक तथा प्रशिक्षकको भूमिका देहाय बमोजिम हुनेछः

(१) आफ्नो विषयमा सिकाईलाई उत्पादनसंग जोड्नेगरी पाठ्यक्रमले तोके बमोजिम सिकाइ उपलब्धीका क्षेत्रमा प्रशिक्षण अभ्यास योजना तयार गरी कार्य गर्ने, गराउने,

(२) पाठ्यक्रमसंग सम्बन्धित हुनेगरी परियोजना कार्य गर्ने, गराउने र यस्ता परियोजना कार्यलाई प्रयोगात्मक मूल्याङ्कनसंग आवद्ध गर्ने,

(३) विद्यालयले निर्धारण गरेको समयमा उत्पादन तथा सेवा इकाईमा आबद्ध विद्यार्थीलाई सहजीकरण गर्ने,

(४) विद्यार्थीलाई सिकाई सामाग्री सहित विभिन्न उपयोगी वस्तु तथा सेवा उत्पादन र विक्री वितरणका लागि प्रोत्साहित गर्ने,

(५) विद्यार्थीलाई व्यवसायिक बनाउन सहयोग एवं सहजीकरण गर्ने,

(६) विद्यार्थीहरुलाई वस्तु तथा सेवाको उत्पादन तथा बजारीकरणका लागि आवश्यक राय, सल्लाह र सुझाव दिने,

(७) विद्यालय व्यवस्थापन समितिले तोकेका अन्य कार्य गर्ने ।

१४. **विद्यार्थीको भूमिकाः** कार्यक्रममा सहभागी हुने विद्यार्थीको भूमिका देहाय बमोजिम हुनेछः

(१) विद्यालयमा गठन भएको व्यवसायिक सिकाई समूहमा आबद्ध सही विद्यालयमा तोकिए बमोजिमको समयमा सिकाईसंगै उत्पादन तथा सेवा इकाई वा सो सम्बन्धित गतिविधिमा संलग्न रही सक्रियताकासाथ कार्य गर्ने,

(२) विद्यालयमा सामूहिक तथा व्यक्तिगत व्यवसायिक योजना बनाई कार्यान्वयन गर्ने,

(३) व्यवसायिक समूह बीचको आपसी समन्वयमा काँडफाँड भएको जिम्मेवारी वहन गर्ने,

(४) समय- समयमा स्थानीय कृषक एवं उद्योगी व्यवसायीहरुसंग भेटघाट, अन्तर्किया गरी उत्पादन तथा सेवाको बजार सम्बन्धी सूचना सङ्कलन गर्ने तथा सम्बन्धित विषयमा स्थानीय स्तरमा आवश्यक प्राविधिक सहायता उपलब्ध गराउने,

(५) आ- आफ्नो समूहबाट भएका आर्थिक गतिविधिहरुको हिसाब राख्ने एवं सो कार्यका लागि विद्यालयलाई सहयोग गर्ने,

(६) आफू संलग्न रहेको व्यवसायिक परियोजना कार्यको प्रतिवेदन तयार गरी विद्यालयमा पेश गर्ने,

(७) बिहान बेलुकाको समयमा आफ्नै घर जग्गामा समेत कृषिजन्य वस्तु उत्पादन गर्ने तथा विद्यालय वा विद्यालय मार्फत बजारमा विक्री गर्ने ।

## परिच्छेद -४

## जनशक्ति व्यवस्थापन, अनुगमन तथा प्रतिवेदन

**३. जनशक्ति व्यवस्थापन सम्बन्धी व्यवस्थाः** (१) यस गाउँपालिका भित्रका कार्यविधि बमोजिम छनौट भई अनुदान प्राप्त विद्यालयबाट सञ्चालित कार्यक्रमको अनुगमन तथा निरीक्षण गाउँपालिकाको कार्यालय, शिक्षा, युवा तथा खेलकुद शाखा, पशु शाखा, कृषि शाखा, भौतिक पुर्वाधार शाखा तथा आवश्यकतानुसार अन्य सम्बन्धित तहले गर्न सक्नेछ ।

**४.** यस कार्यविधि बमोजिम छनौट भई अनुदान प्राप्त गर्ने विद्यालयबाट सञ्चालित कार्यक्रमको नियमित अनुगमन तथा निरीक्षण गर्ने दायित्व विद्यालय व्यवस्थापन समितिको हुनेछ ।

## परिच्छेद -५

## कार्यक्रमको अनुगमन, निरीक्षण तथा प्रतिवेदन

**५. कार्यक्रमको अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधि बमोजिम छनौट भई अनुदान प्राप्त विद्यालयबाट सञ्चालित कार्यक्रमको अनुगमन तथा निरीक्षण

गाउँपालिकाको कार्यालय, शिक्षा, युवा तथा खेलकुद शाखा, पशु शाखा, कृषि शाखा, भौतिक पुर्वाधार शाखा तथा आवश्यकतानुसार अन्य सम्बन्धित तहले गर्न सक्नेछ ।

(२) यस कार्यविधि बमोजिम छनौट भई अनुदान प्राप्त गर्ने विद्यालयबाट सञ्चालित कार्यक्रमको नियमित अनुगमन तथा निरीक्षण गर्ने दायित्व विद्यालय व्यवस्थापन समितिको हुनेछ ।

(३) अनुगमन तथा निरीक्षणका क्रममा दिइएका सुझाव कार्यान्वयन गर्नु सम्बन्धित विद्यालयको कर्तव्य हुनेछ ।

**१५. प्रतिवेदन पेश गर्नुपर्नेः** (१) यस कार्यविधि बमोजिम छनौट भई अनुदान प्राप्त गर्ने विद्यालयले सम्बन्धित स्थानीय तहमा कार्य सम्पन्न प्रतिवेदन तथा वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**१६. सामाजिक परीक्षणः** (१) यस कार्यविधि बमोजिम छनौट भएका विद्यालयबाट सम्पन्न भएको कार्यक्रमको सम्बन्धित विद्यालयले अनिवार्य रुपमा सामाजिक परीक्षण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सामाजिक परीक्षणको प्रतिवेदनको एक प्रति सम्बन्धित स्थानीय तहमा उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद -६
## विविध

**६. कार्यक्रमबाट खर्च हुनेः** गाउँपालिकाले कार्यक्रममा विनियोजन गरेको बजेट मध्येबाट कार्यक्रमको कार्य प्रगतिको आधारमा कार्यक्रम सञ्चालनका लागि खर्च गर्न सक्नेछ ।

**७. उत्पादन तथा सेवा इकाई र खरीद बिक्री केन्द्रः** (१) विद्यालयले आवश्यकतानुसार सम्बन्धित प्रशिक्षक, व्यवसायी समूहका विद्यार्थी समेत संलग्न गरी उत्पादन तथा सेवा इकाई गठन गर्न सक्नेछ ।

(२) विद्यालयले आवश्यकतानुसार उत्पादित सामाग्रीको लागि बिक्री गर्ने समेतको प्रयोजनका लागि आवश्यकतानुसार खरीद बिक्री केन्द्रको स्थापना गरी सञ्चालन गर्न सक्नेछ ।

**८. वस्तु तथा सेवाको विक्री मूल्य निर्धारणः** उत्पादन तथा सेवा इकाईबाट उत्पादित वस्तुहरुको बिक्री मूल्य निर्धारण गर्ने कार्यका लागि प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी वस्तुको स्थानीय उद्योग, व्यवसाय र उत्पादकसंगको समन्वयमा ब्रान्डिङ, बजारीकरण र मूल्य निर्धारण गर्न सकिनेछ ।

**९. भण्डारण गर्नुपर्नेः** विलालयले उत्पादन तथा सेवा इकाईबाट उत्पादित वस्तुहरुको गुणस्तरमा असर नपुग्ने गरी सुरक्षित भण्डारण गर्नुपर्नेछ ।

**१०. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएतापनि विद्यालयले कार्यक्रमसंग सम्बन्धित विभिन्न कार्यहरु गर्दा तथा रकम

भुक्तानी एवं फरफारक तथा लेखा परीक्षण गर्दा सार्वजनिक खरीद ऐन, २०६३, सार्वजनिक खरीद नियमावली,२०६४, तथा अन्य प्रचलित नेपाल कानून प्रतिकूल नहुने गरी गर्नुपर्नेछ । यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

**अनुसूचि- १**

**(दफा ५ को उपदफा (२) संग सम्बन्धित)**

**शिक्षासंग सीप कार्यक्रममा अनुदान सहयोगका लागि विद्यालयले पेश गर्ने आवेदन फाराम**

१. **विद्यालयको विवरण**

विद्यालयको नामः

विद्यालयको प्रकारः साधारण/ प्राविधिक धार/ टेक्स कार्यक्रम सञ्चालित विद्यालय

ठेगानाः

प्रदेशः जिल्लाः

स्थानीय तहः वडा नं.

टोलः फोन नं:

इमेलः वेभसाइटः

स्थापना मितिः विद्यालयको IEMIS कोडः

प्राविधिक शिक्षा सञ्चालन मितिः

२. **पुर्वाधार सम्बन्धी जानकारी**

**२.१ जग्गा सम्बन्धी विवरण**

| क्र सं. | कित्ता नं | क्षेत्रफल | जग्गाको स्वामित्व | प्रयोगको अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |

**२.२ भवन सम्बन्धी विवरण**

| क्र | भवन संख्या | कोठा संख्या | प्रयोगको अवस्था | कैफियत |
|---|---|---|---|---|

| सं. | | | | | |
|---|---|---|---|---|---|
| १. | पक्की | | | | |
| २. | कच्ची | | | | |

## २.३ यन्त्र उपकरण सम्बन्धी विवरण (प्राविधिक धारको कार्यक्रम सञ्चालित विद्यालयको हकमा)

| क्र सं. | यन्त्र उपकरणको नाम | संख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| १. | | प्रयोगमा रहेको | प्रयोगमा नरहेको | | |
| २. | | | प्रयोगमा ल्याउन सकिने | प्रयोगमा ल्याउन नसकिने | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |

## २.४ अस्थायी संरचना सम्बन्धी विवरण (पोखरी, टहरा, गोठ, कटेज, खोर, स्टल, वर्कसप आदि )

| क्र सं. | विवरण | प्रयोगको अवस्था | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

## ३. शिक्षक/प्रशिक्षक कर्मचारी सम्बन्धी विवरण

| क्र सं. | नाम | तह/श्रेणी | शैक्षिक योग्यता | शिक्षण/ प्रशिक्षण कार्यको अनुभव (वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |
| ७. | | | | | |

**४. विद्यार्थी सम्बन्धी विवरण ( पछिल्लो दुई शैक्षिक सत्र)**

| क्र सं. | जम्मा विद्यार्थी विवरण | शैक्षिक सत्र............... | | शैक्षिक सत्र............... | |
|---|---|---|---|---|---|
| | | भर्ना संख्या | अन्तिम परीक्षमा सहभागी संख्या | भर्ना संख्या | अन्तिम परीक्षमा सहभागी संख्या |
| १. | कक्षा १-५ | | | | |
| २. | कक्षा ६-८ | | | | |
| ३. | कक्षा ९-१२ साधारण धार | | | | |
| ४. | बाली विज्ञान | | | | |
| ५. | पशु विज्ञान | | | | |
| ६. | सिभिल इन्जिनियरिङ | | | | |
| ७. | कम्प्युटर इन्जिनियरिङ | | | | |
| ८. | इलेक्ट्रिकल इन्जिनियरिङ | | | | |
| ९. | विपन्न समुदाय | | | | |

**५. देहायमा प्रत्येक शिर्षकहरुमा औचित्य सहितको विवरण प्रस्तुत गर्नुहोला ।**

(क) विद्यालयमा वस्तु उत्पादन तथा सेवा प्रदान गरी आय आर्जन गर्न सम्भव देखिएका पेशा तथा उपरोक्त पेशामा उत्पादन गर्न सकिने वस्तु तथा सेवाको सूचीः

..................................................................

(ख) शिक्षासंग सीप कार्यक्रममा सहभागी हुने विपन्न समुदायका विद्यार्थी तथा अन्य इच्छुक विद्यार्थीको विवरण, उनीहरुबाट उत्पादन हुनसक्ने वस्तु तथा सेवा र ती सामाग्रीको विक्री वितरणको सम्भाव्यता ।

............................................................................
...........

(ग)उपर्युक्त वस्तु तथा सेवाको उत्पादन तथा विक्रीका लागि आवश्यक भौतिक पुर्वाधार तथा उक्त पूर्वाधार निर्माण तथा संयोजन गर्ने योजना । (प्रस्तावित वस्तु तथा सेवाको उत्पादनका लागि विज्ञता, भौतिक पूर्वाधार तथा औजार/ उपकरण मध्ये विद्यालयमा उपलब्ध हुने, खरीद गर्नुपर्ने तथा लिजमा लिनसकिने सम्बन्धी खरीद गर्नुपर्ने भए सो अनुमानित लागत समेत खुल्नुपर्ने ।)

............................................................................
............

(घ) प्रस्तावित वस्तु तथा सेवाको उत्पादनको लागि आवश्यक कच्चा पदार्थ तथा उत्पादित वस्तु तथा सेवाको बजारको पहिचान तथा विश्लेषण । (प्रस्तावित वस्तु तथा सेवाको उत्पादनका लागि आवश्यक कच्चा पदार्थ उपलब्ध हुने स्थान/ प्राप्त गर्ने तरिका, विद्यालयसम्म ल्याउने उपाय तथा लाग्ने अनुमानित खर्च समेत खुलाउनु पर्ने तथा उत्पादित वस्तु तथा सेवा बिक्रिका लागि गर्नुपर्ने पहलहरुः विलालयबाटै बिक्री हुने, बजारसम्म लानुपर्ने वा बजारको लागि विशेष पहल गर्नुपर्ने विषय समेत खुलाएर बजार पहिचान तथा विश्लेषण गर्नुपर्ने)

(ङ) उल्लेखित कार्यक्रमका लागि स्थानीय तह, स्थानीय समुदाय एवं अभिभावकहरुबाट हुन सक्ने वा लिन सकिने सहयोगको विषय ।

............................................................................
.............

६. प्रस्तावित कार्यक्रमका लागि अनुदान माग गरेको विषय क्षेत्र प्रष्ट खुल्नेगरी पूर्वाधार निर्माण वा सञ्चालन गर्ने अन्य क्रियाकलाप तथा खर्चको अनुमान सहितको कार्ययोजना आवेदनका साथ संलग्न राख्नुपर्नेछ ।

| | |
|---|---|
| नामः ................ | नामः .................. |
| हस्ताक्षरः................ | हस्ताक्षरः................ |
| पदः...................... | पदः.................... |
| मितिः ................... | मितिः.................. |

**संलग्न कागजातः**

**(क)** विद्यालयबाट कार्यक्रमको प्रस्तावना सहितको प्रतिबद्धता पत्र, विद्यालयको सेवाक्षेत्र वरीपरी सम्बन्धित
वस्तु तथा सेवा उत्पादन गर्ने व्यवसायिक फर्महरु भए नभएको खुल्ने गरी विद्यालयको आवश्यकताको
विश्लेषण सहितको विद्यालय व्यवस्थापन समितिको निर्णय तथा विद्यालयको निवेदन,

**(ख)** कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको प्र।तिबद्धता सहितको निर्णयको
प्रमाणित प्रतिलिपि,

**(ग)**वडाको सिफारिस,

**(घ)** कार्यरत शिक्षक/ प्रशिक्षकहरुको शैक्षिक योग्यता सहितको विवरण,

**(ङ)** विद्यालयको नाममा रहेको जग्गाको जग्गाधनी दर्ता प्रमाणपत्र पूर्जा वा भोगाधिकार प्राप्त प्रमाण वा
लिजमा प्रयोग गर्ने भए सम्झौतापत्रको प्रतिलिपि,

**(च)** प्रस्तावमा उल्लेख गरिएका विवरणहरुको पुष्टी हुने थप आवश्यक कागजातको प्रमाणित प्रतिलिपि,

**(छ)** अन्य सम्बद्ध कागजातहरु ।

**अनुसूची -२**

**(दफा ६ को उपदफा (१) संग सम्बन्धित)**

**विद्यालय छनौटका लागि मूल्याङ्कनका आधारहरु**

**१. कार्यसम्पादनसंग सम्बन्धित सूचकहरुः ४०**

| आधारहरु | अवस्था | अङ्क | अवस्था | अङ्क | अवस्था | अङ्क |
|---|---|---|---|---|---|---|
| १. यस अघि शिक्षासंग सीप सम्बन्धी कार्यक्रम सञ्चालन वा यस प्रकारको अभ्यास | भएको | १० | नभएको | ० | | |
| २. प्रयोगात्मक अभ्यासको सिलसिलामा वस्तु तथा सेवाको परीक्षण उत्पादन | भएको | ५ | नभएको | | | |
| ३. शिक्षा ऐन नियमावलीले तोके बमोजिमको शिक्षक प्रशिक्षक | भएको | १० | नभएको | ० | | |
| ४. विद्यार्थी संख्या | शिक्षा नियमावलीमा तोकिएको न्यूनतम संख्या वा सो भन्दा बढी भए | १० | शिक्षा नियमावलीमा तोकिएको न्यूनतम संख्या भन्दा न्यून भए | ३ | | |
| ५. सम्बन्धित विषयको प्रयोगशाला/ कार्य क्षेत्र/ फिल्ड | भएको | ५ | नभएको | ० | | |

**२. पूर्वाधारसंग सम्बन्धित सूचकहरुः ३५**

| आधारहरु | अवस्था | अङ्क | अवस्था | अङ्क | अवस्था | अङ्क |
|---|---|---|---|---|---|---|
| १.उत्पादन तथा सेवा इकाई सञ्चालनका पर्याप्त भवन वा कोठाको उपलब्धता। | उपलब्ध भएको | १० | भाडामा लिएर व्यवस्थापन हुन सक्ने | ७ | थप निर्माण गर्नु पर्ने | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.दरबन्दी वा अनुदान कोटाका शिक्षक प्रशिक्षकको उपलब्धता | पूर्ण उपलब्धता भएको | ५ | पचहत्तर प्रतिशत उपलब्ध भएको | ३ | पचहत्तर प्रतिशत भन्दा कम संख्यामा उपलब्ध भएको | २ |
| ३.उत्पादन तथा सेवा इकाई सञ्चालनका लागि आवश्यक औजार तथा उपकरणहरु विद्यमान रहे नरहेको अवस्था एवं प्रयोगको सम्भावना। | पर्याप्त रुपमा उपलब्ध रहेको | १० | भाडामा लिन सम्भव भएको | ७ | उपलब्ध हुन नसक्ने | ० |
| ४. स्थानीय तह वा प्रदेशले लागत साझेदारीका लागि प्रतिबद्धता जनाएको / नजनाएको | जनाएको | १० | नजनाएको | ० | | |

### ३. बजारीकरणसंग सम्बन्धित सूचकहरुः २०

| सूचकहरु | सम्पादन सूचक | अङ्क | सम्पादन सूचक | अङ्क | सम्पादन सूचक | अङ्क |
|---|---|---|---|---|---|---|
| १.उत्पादनको बिक्रीका लागि सम्भाव्य बजारको प्रकार। | स्थानीय बजार | १० | अन्य बजार | ७ | | |
| २.उत्पादनको बजारीकरणको प्रकृति। | इकाईबाट नै बिक्री हुने अवस्था रहेको। | १० | बजारसम्म पुऱ्याउनु पर्ने | ३ | बजारका लागि विशेष पहल गर्नुपर्ने अवस्था | २ |

### ४. आवश्यकतासंग सम्बन्धित सूचकहरुः ५

| सूचकहरु | सम्पादन सूचक | अङ्क | सम्पादन सूचक | अङ्क | सम्पादन सूचक | अङ्क |
|---|---|---|---|---|---|---|
| १. भौगोलिक तथा स्थानीय परिवेश सुहाउँदो (शहरी | भएको | ५ | आंशिक रहेको | ३ | पर्याप्त नरहेको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| क्षेत्रमा सेवा र ग्रामीण क्षेत्रमा कृषि वा पशुलाई प्राथमिकतामा राखी) व्यवसायिक क्रियाकलाप सञ्चालन भएको अवस्था। | | | | | | |

**द्रष्टव्यः सूचक अन्तर्गत उल्लेखित कुनैपनि अवस्था आकर्षित भएको/ नभएको अवस्थामा शून्य अङ्क दिइनेछ।**

..............................
आज्ञाले
(विष्णु प्रसाद शर्मा)
प्रमुख प्रशासकीय अधिकृत

# आबुँखैरेनी गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ७** **संख्याः १०** **मितिः २०८०/०६/०५**

## भाग-२

आँबुखैरेनी गाउँपालिका

# पशु बीमा कार्यक्रम कार्यविधी, २०८०

<u>प्रमाणीकरण मिति</u>
२०८०/०६/०५

**प्रस्तावनाः**

आँबुखैरेनी गाउँपालिका क्षेत्र भित्र बसोबास गरी पशुपालनमा संलग्न रहेका कृषकहरुले पालि आएका पशुहरुको अचानक हुने मृत्युको क्षतिबाट जोगाई आर्थिक नोक्सानी न्यूनिकरण गर्ने उद्देश्यका साथ पशु विमा गर्दा लाग्ने कुल विमाङ्क प्रिमियम १००% रकममा कृषकले व्यहोर्ने कुल विमाङ्क प्रिमियम रकमको २० प्रतिशत रकम अनुदान यस आँबुखैरेनी गाउँपालिकाबाट कृषकहरुलाई अनुदान स्वरुप

उपलब्ध गराई गाई गोरु भैसी बाख्रा तथा बंगुरहरुलाई विमा गरी उनीहरुको आर्थिक तथा सामाजिक हैसियत सबल तथा सक्षम बनाउन गाउँपालिकाको तर्फबाट कुल विमाङ्क प्रिमियम रकमको २० प्रतिशत अनुदानमा पशु विमा कार्यक्रम गर्न कृषकलाई पशुपालन व्यवसायमा जोखिम बहन गर्न सक्षम बनाउन वाञ्छनीय भएकोले आँबुखैरेनी गाउँपालिका , गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद-१

## संक्षिप्त नाम र प्रारम्भः

१.१ संक्षिप्त नाम र प्रारम्भः

क) संक्षिप्त नामः यस कार्यविधीको नाम पशु बीमा कार्यक्रम कार्यविधी २०८० रहनेछ ।

ख) यो कार्यविधी गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

१.२ परिभाषाः

क) पशु बीमा कार्यक्रम कार्यविधी २०८० भन्नाले आँबुखैरेनी गाउँपालिकाबाट कृषकले ब्यहोर्नु पर्ने विमाङ्क प्रिमियम रकमको २० प्रतिशत रकमलाई जनाउनेछ ।

ख) कार्यपालिका भन्नाले आँबुखैरेनी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई जनाउनेछ ।

ग) पशु बीमा भन्नाले नेपाल बीमा प्राधिकरणबाट सरकारी मान्यता प्राप्त बिमा कम्पनी वा सहकारी संस्था मार्फत गरिने पशुधन सुरक्षा (लघु बिमा ) कार्यक्रम मार्फत गरिने बिमा समेतलाई जनाउनेछ ।

घ) बीमाङ्क भन्नाले बीमा गरिएको वस्तुको क्षतिको क्षतिपुर्ति प्रदान गर्नको लागि तोकिएको रकम सम्झनु पर्छ ।

ङ) बीमित भन्नाले बीमा गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

## परिच्छेद — २
## शर्त तथा भुक्तानी विधिः

### २.१ शर्त तथा भुक्तानी विधिः

#### २.१.१ अनुदानमा पशु बीमा कार्यक्रम अन्तर्गत कार्यक्रम संचालन तथा भुक्तानी विधिः

क) पशु बीमा कार्यक्रम संचालन गर्न नेपाल बीमा प्राधिकरणबाट मान्यता प्राप्त बीमा कम्पनी यस गाउँपालिकामा सुचिकृत हुनु पर्नेछ ।

ख) सुचिकृत बीमा कम्पनीले यस गाउँपालिका कार्यक्रम गर्न इच्छुक छु भनि निवेदन दिनु पर्नेछ ।

ग) आवेदन दिएका बीमा कम्पनीहरु छनौट गरी पशु बीमा कार्यक्रम लागु गरिनेछ ।

घ) पशुहरुको समूह अनुसार बीमाङ्क रकम आँबुखैरेनी गाउँपालिकाको कार्यालय भेटेरिनरी प्राविधिक र बीमा कम्पनीको मूल्याङ्कनको आधारमा तय गरिनेछ ।

ङ) बीमा कम्पनीले कुनै पनि कृषकको पशु (गाई, गोरु, भैसी, राँगा, बाखा, बोका र वीर भुनि सुँगुर बंगुर) मा बीमा सेवा गराएको पशुको पहिचान खुल्ने पशु पहिचान पट्टा (Tag Number) सेवा प्राप्त कृषकको सम्पर्क नंम्बर , सेवा उपलब्ध गराएको मिति तथा आवश्यक विवरणहरु पूर्ण रुपमा उल्लेख गरी अनुसूची १ बमोजिम पेश गर्नु पर्नेछ ।

च) पशु पालक कृषक आँबुखैरेनी गाउँपालिका क्षेत्रभित्रको हुनु पर्नेछ ।

छ) पुर्व बीमा गरिएका पशु भएमा यो सेवा लिन पुनः नविकरण गरेको हुनु पर्नेछ ।

ज) सम्बन्धित सेवा शाखा तथा वडा कार्यालयको सिफारिसमा अनुदान वापतको रकम बिमा कम्पनी , सहकारी संस्थालाई भुक्तानी दिइनेछ ।

झ) बीमा गर्दा लाग्ने विमाङ्क प्रिमियम रकमको अनुदान रकम सरकारी मान्यता प्राप्त बीमा कम्पनी , सहकारी संस्था वा सूचिकृत बिमा अभिकर्तालाई उपलब्ध गराईने छ ।

ञ) मान्यता प्राप्त विमा कम्पनीबाट बीमा अभिकर्ताले तालिम लिएको हुनु पर्नेछ । बिमा अभिकर्ताले उक्त कार्यमा सहजीकरण गर्न सक्नेछन् तर विमा अभिकर्तालाई कुनै किसिमको आर्थिक सुविधा उपलब्ध गराइने छैन ।

ट) बीमित पशुको कुनै कारणवस मृत्यु भएमा सो को जानकारी सम्बन्धित सेवा केन्द्रमा विमा अभिकर्ताले अनिवार्य रुपमा जानकारी गराउनु पर्नेछ ।

ठ) विमा अनुदान सेवा उपलब्ध गराए वापतको रकम यस कार्यालयबाट उपलब्ध गराइनेछ ।

ड) विमा अभिकर्ताले सेवा उपलब्ध गराए बापतको रकम भुक्तानी लिँदा एउटै पशुमा एक पटक भन्दा बढि सेवा पुर्याए बापतको भुक्तानी गाउँपालिकाबाट गरिने छैन । तर झुक्याई भुक्तानी लिएमा , नक्कली कागजात बनाई भुक्तानीका लागि पेश गरेमा सम्बन्धित पशु विमा अभिकर्ता , कम्पनी तथा सहकारी संस्था स्वयं जवाफदेही हुनेछ र निज अभिकर्ता भएमा निजले पुनः कुनै पशुको विमा गरेमा भुक्तानी यस कार्यालयबाट उपलब्ध गराइने छैन साथै निजको सूचीकरण रद्ध गरी निजले पाउने भुक्तानी रोक्का राखी गाउँपालिकाको निर्णयानुसार आवश्यक कारबाही गरिनेछ ।

ढ) विमा अनुदानको विमाङ्क प्रिमियम रकम लिँदा सहकारी संस्था तथा कम्पनीले विमा गरेको १५ दिन भित्रमा यस कार्यालयमा अनुसूची १ सहितको आवश्यक कागजात सहित जानकारी गराउनु पर्नेछ । एकमुष्ट प्रिमियम रकम लिन बीमा कम्पनी असमर्थ रहेको खण्डमा बीमा कम्पनीले प्रत्येक वडाको पशुधन बीमा गरे पश्चात आवश्यक कागजात सहित भुक्तानी लिन सक्नेछ ।

ण) बीमा कम्पनीले पशुधन बीमा गरेको सम्पुर्ण कागजातको एक प्रतिलिपि यस गाउँपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।

त) विमा रकम दावी गर्न आउँदा विमित पशुको संकेत पट्टा (Tag Number) , स्पष्ट देखिने फोटो सहित आउनु पर्नेछ ।

थ) बीमा कार्यक्रम संचालन गर्न २०८० असोज महिना भित्र सूचना जारी गर्नेछ यदि सूचना जारी गर्न ढिलो भएमा आ.व.२०८०/०८१ कार्तिक महिना पछि किसानले मान्यता प्राप्त बीमा कम्पनीबाट पशुधन बीमा गराएमा कुल प्रिमियम रकमको २० % रकम कृषकलाई भुक्तानी दिइनेछ ।

द) कृषकले पेश गर्नु पर्ने आवश्य कागजातहरुः

१. पशुपन्छी बीमालेखको प्रतिलिपि ।

२. बीमा शुल्क (प्रिमियम) तिरेको सक्कलै बिल ।

३. बिमितको नागरिकताको प्रतिलिपि वा फर्मको नाममा बीमाले जारी भएको खण्डमा फर्म दर्ता सम्बन्धी कागजात ।

## परिच्छेद — ३

## कार्यक्रमको खर्चः

### ३.१ कार्यक्रमको खर्चः

क) आँबुखैरेनी गाउँपालिका भित्रका गाई, गोरु , भैसी , राँगा , बाखा , बोका , सुँगुर तथा बंगुरमा अनुदानमा बीमा सेवा संचालन कार्यको लागि आवश्यक बजेट व्यवस्था आँबुखैरेनी गाउँपालिकाले गर्नेछ ।

ख) कार्यक्रममा आँबुखैरेनी गाउँपालिकाको अधिकार प्राप्त अधिकारीबाट अनुगमन हुनेछ ।

**३.२ थपघट वा हेरफेर गर्न सक्नेः**

क) यो कार्यविधी कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँकार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधीमा केही थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

ख) यो कार्यविधी कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँ कार्यपालिकाको कार्यालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

अनुसूची — १
आँबुखैरेनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आँबुखैरेनी तनहुँ
गण्डकी प्रदेश नेपाल

बीमा प्राविधिक /अभिकर्ता सहकारी संस्था वा कम्पनीको नामः

| क.स | पशु धनीको नाम थर | मिति | ठेगाना | सम्पर्क नं | पशुको जात | विमा संकेत नं. | पशुको रंग | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

............ ........... .....................
पेश गर्ने रुजु गर्ने प्रमाणित गर्ने

अनुसूची- २
आँबुखैरेनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आँबुखैरेनी, तनहुँ
गण्डकी प्रदेश, नेपाल

मितिः........................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
आँबुखैरेनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आँबुखैरेनी, तनहुँ

विषयः बीमा अभिकर्ता सुचिकृत हुन पाउँ भन्ने बारे ।

महोदय,
मलाई आँबुखैरेनी गाउँपालिकाबाट अनुदानमा बीमा सेवा संचालन सम्बन्धी अभिकर्ताको रुपमा कार्य गर्न ईच्छा भएकोले तपशिल अनुसारको कागजात राखी यो निवेदन पेश गर्दछु ।

तपशिलः
१. मान्यता प्राप्त विमा कम्पनीबाट बीमा अभिकर्ता तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि ।
२. एस एल सि/एस ई.ई. तथा जे.टी/जे.टि.ए. प्रमाणपत्रको प्रतिलिपि ।
३. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

निवेदक
नामः
दस्तखतः
ठेगानाः
मोबाइल नं.

**आज्ञाले**
**विष्णुप्रसाद शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**

# आबुँखैरेनी गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ७** **संख्याः २** **मितिः २०८०/०४/२१**

## भाग-२

आँबुखैरेनी गाउँपालिका

## प्रधानाध्यापक छनौट तथा पदस्थापना सम्बन्धी कार्यविधि ,२०८०

प्रमाणीकरण मिति
२०८०/०४/२१

**प्रस्तावनाः-** आँबुखैरेनी गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा सक्षम,योग्य र दक्ष प्रधानाध्यापकको नियुक्ति गरी विद्यालय व्यबस्थापनमा सुधार गर्दै शिक्षाको गुणस्तरमा सुधार गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ बमोजिम ऐ.ऐनको दफा ११ को उपदफा २ को (ज) मा उल्लेखित गाउँपालिकाको शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकारलाई थप विस्तृत गर्न आँबुखैरेनी गाउँपालिका शिक्षा नियमावली, २०७९ को परिच्छेद- ९ को नियम ५३ बमोजिम यो कार्यविधि निर्माण गरिएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :** यस कार्यविधिको नाम प्रधानाध्यापक छनौट तथा पदस्थापन सम्बन्धी कार्यविधि २०८० रहेको छ ।

२. यो कार्यविधि गाउँ कार्यपालिकाले स्विकृत गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

३. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा ,

क. **"कार्यविधि"** भन्नाले प्रधानाध्यापक छनौट तथा पदस्थापन कार्यविधिलाई जनाउँछ ।

ख. **"गाउँपालिका"** भन्नाले आँबुखैरेनी गाउँपालिकालाई जनाउँछ ।

ग. **"कार्यपालिका"** भन्नाले आँबुखैरेनी गाउँपालिकाको गाउँ कार्यपालिकालाई बुझाउँछ।

घ. **"अध्यक्ष"** भन्नाले आँबुखैरेनी गाउँपालिकाको अध्यक्षलाई जनाउँछ ।

ङ. **"उपाध्यक्ष"** भन्नाले आँबुखैरेनी गाउँपालिकाको उपाध्यक्षलाई जनाउँछ ।

च. **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले आँबुखैरेनी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई
जनाउँछ ।

छ. **"शिक्षा अधिकृत"** भन्नाले आँबुखैरेनी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखलाई जनाउँछ ।

ज. **"शिक्षा ऐन"** भन्नाले आँबुखैरेनी गाउँपालिका शिक्षा ऐन, २०७९ लाई जनाउँछ ।

झ. **"शिक्षा नियमावली"** भन्नाले आँबुखैरेनी गाउँपालिका शिक्षा नियमावली, २०७९ लाई जनाउँछ ।

ज. **"समिति"** भन्नाले प्रधानाध्यापक छनौट समितिलाई जनाउँछ ।

## परिच्छेद २
## कार्यविधिको उद्देश्य

**४.** प्रधानाध्यापक छनौट कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

क. तहगत रुपमा योग्य, सक्षम र दक्ष प्रधानाध्यापक नियुक्ति गर्ने,

ख. विद्यालयको सञ्चालन र व्यवस्थापनमा सुधार गर्ने,

ग. शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने,

घ. शैक्षिक सुशासन कायम गर्ने,

## परिच्छेद ३
## प्रधानाध्यापकको नियुक्ति सम्बन्धी व्यबस्था

**५. प्रधानाध्यापक सम्बन्धी व्यबस्थाः**

५.१ विद्यालयको शैक्षिक, प्रशासनिक र व्यवस्थापकीय कार्यको लागि प्रत्येक विद्यालयमा एक जना

प्रधानाध्यापकको व्यवस्था हुनेछ । प्रधानाध्यापक विद्यालयको व्यवस्थापकीय प्रमुख हुनेछ ।

५.२ एउटा सामुदायिक विद्यालयमा लगातार दुई कार्यकाल भन्दा बढी एउटै व्यक्ति प्रधानाध्यापक हुन सक्ने छैन ।

५.३ पदबाट हटाउन सकिने : दफा ५ को उपदफा २ मा जुनसुकै कुरा उल्लेख भएको भएतापनि देहायको अवस्थामा सामुदायिक विद्यालयको प्रधानाध्यापकलाई जुनसुकै बखत हटाउन सकिने छ ।

क. शिक्षक पद नरहेमा,

ख. कार्यसम्पादन सन्तोषजनक नदेखिएमा,

ग. विद्यालयको नतिजा लगातार ३ वर्षसम्म १५ प्रतिशतभन्दा धेरै विद्यार्थीले D+ भन्दा कम परिणाम प्राप्त गरेमा,

घ. तोकिएको उत्तरदायित्व र पदीय जिम्मेवारी पुरा नगरेमा,

ङ. गाउँपालिकाको शिक्षा ऐन विपरित कार्य गरेमा,

च. नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरिएमा,

छ. विद्यालयको चल अचल सम्पत्तिको हिनामिना गरेमा ।

६. प्रधानाध्यापकलाई पदबाट हटाउने अधिकार नियुक्ति गर्ने अधिकारीलाई हुनेछ ।

७. प्रधानाध्यापकलाई पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका प्रदान गरिनेछ । यसरी सफाईको मौका दिंदा निजमाथि लगाइएको आरोप र सजाय स्पष्ट रुपले किटान गरिएको हुनुपर्नेछ । त्यस्तो सम्बन्धित प्रधानाध्यापकले तोकिएको म्यादभित्र आफ्नो सफाई पेश गर्नुपर्नेछ ।

**८. प्रधानाध्यापक नियुक्तिको लागि सूचना प्रकाशन गर्ने :**

८.१ प्रधानाध्यापक पदमा खुला नियुक्तिको लागि गाउँपालिकाले १५ पन्ध्र दिनको समय दिई सूचना प्रकाशन गर्नेछ ।

८.२ उपदफा १ बमोजिम प्रधानाध्यापक नियुक्तिको लागि सबै सामुदायिक विद्यालयमा एकै पटक वा चरणबद्ध रुपमा वा पटक पटक गरी सूचना प्रकाशित गर्न सकिनेछ ।

८.३ प्रधानाध्यापक नियुक्ति सम्बन्धी सूचना विद्यालयमा समेत पठाउनु पर्नेछ ।

**९. दरखास्त दिनेः**

९.१ दफा ८ बमोजिम सूचना प्रकाशन भएपछि दफा १० बमोजिम योग्यता पुगेका शिक्षकले तोकिएको

समय सीमा भित्र आबश्यक कागजात सहित प्रधानाध्यापकको लागि आबेदन दिन सक्नेछन् ।

९.२ उपदफा १ बमोजिम दरखास्त दिंदा “अनुसूचि १” मा उल्लेखित ढाँचामा आबश्यक पर्ने कागजात

सहित पेश गर्नुपर्ने छ ।

९.३ गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले पेश हुन आएका आबेदन संलग्न गरी

प्रधानाध्यापक छनौट समितिमा पेश गर्ने छ ।

१० प्रधानाध्यापक हुनको लागि आबश्यक योग्यता : प्रधानाध्यापक दरखास्त  दिनको लागि देहायको

योग्यता हुन आबश्यक हुनेछः

**क. आधारभूत तह १-३ वा १-५ को लागिः**

१ . मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा +2 वा सो सरह उत्तिर्ण गरेको,

२. सम्बन्धित तहको स्थायी शिक्षक पदमा कार्यरत रहेको,

३. विद्यालय व्यवस्थापन सम्बन्धी वा शिक्षक पेशागत विकास सम्बन्धी तालिम प्राप्त गरेको,

४. असल आचरण भएको,

५. नेतृत्व र व्यवस्थापनको सीप भएको,

६. विगत दुई बर्षदेखि कुनै किसिमको कानूनी प्रकृतिको सजाय नपाएको ।

**ख . आधारभूत तह कक्षा १-८को लागि,**

१ . मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तिर्ण गरेको,

२. सम्बन्धित तहको स्थायी शिक्षक पदमा कार्यरत रहेको,

३. विद्यालय व्यवस्थापन सम्बन्धी वा शिक्षक पेशागत विकास सम्बन्धी तालिम प्राप्त गरेको,

४. असल आचरण भएको,

५. . नेतृत्व र व्यवस्थापनको सीप भएको,

६. विगत दुई बर्षदेखि कुनै किसिमको कानूनी प्रकृतिको सजाय नपाएको ।

**ग. माध्यामिक तहको कक्षा १-१० वा कक्षा १-१२ को लागिः**

१ . मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण गरेको,

२. सम्बन्धित तहको स्थायी शिक्षक पदमा कार्यरत रहेको,

३. विद्यालय व्यवस्थापन सम्बन्धी वा शिक्षक पेशागत विकास सम्बन्धी तालिम प्राप्त गरेको,

४. असल आचरण भएको,

५. . नेतृत्व र व्यवस्थापनको सीप भएको,

६. विगत दुई बर्षदेखि कुनै किसिमको कानूनी प्रकृतिको सजाय नपाएको ।

## परिच्छेद ४
## प्रधानाध्यापक छनौट सम्बन्धी व्यवस्था

११. प्रधानाध्यापकको छनौट गर्नको लागि देहाय बमोजिमको प्रधानाध्यापक छनौट सम्बन्धी व्यवस्था गरिनेछः

**(क) निर्देशक समितिः** प्रधानाध्यापक छनौटमा आवश्यक परामर्श, समन्वय तथा सहजीकरणका लागि तपसिल बमोजिमको निर्देशक समिति रहनेछः

१. गाउँपालिका अध्यक्ष - अध्यक्ष

२. गाउँपालिका उपाध्यक्ष - सदस्य

३. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

४. सामाजिक विकास समितिको संयोजक - सदस्य

५. शिक्षा अधिकृत - सदस्य सचिव

(ख) निर्देशक समिति प्रधानाध्यापक छनौट, सिफारिस तथा व्यवस्थापन कार्यकालागि एक उच्चस्तरीय समिति हुनेछ । यसले छनौट समितिलाई आवश्यक निर्देशन, परामर्श, सहकार्य र समन्वय गर्नेछ ।

(ग) समितिको बैठक आवश्यकतानुसार बस्नेछ र समितिले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्नेछ ।

(घ) समितिको बैठक भत्ता प्रचलित नियमानुसार हुनेछ ।

(ङ) निर्देशक समितिले प्रधानाध्यापकको उम्मेदवारको नेतृत्व लिने क्षमताको देहायका आधारमा मूल्याङ्कन गर्नुपर्नेछः

१) शिक्षण पेसाप्रतिको निष्ठा र लगनशिलता,

२) विद्यालयको शैक्षिक गुणस्तर प्रतिको भाव,

३) शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिवीच प्रभावकारी, सुमधुर सम्बन्ध स्थापना गर्न र शैक्षिक क्षेत्रमा समुदायलाई प्रभावकारी परिचालन गर्न सक्ने क्षमता,

४) उत्तरदायित्व र पारदर्शिता सम्बन्धी व्यवहार,

५) विगतको जिम्मेवारीमा रहँदा कार्यकालका निर्देशन, परिपत्रको पालना र समन्वयको अवस्था ।

च) प्रधानाध्यापकको लागि तोकिएको योग्यता पुगेका शिक्षकहरुको आवेदन नपरेमा आँबुखैरेनी गाउँपालिका
शिक्षा ऐन, २०७९ बमोजिम कार्यरत वरिष्ठ र माथिल्लो तहको शिक्षकलाई निर्देशक समिततिले निर्णय गरी
प्रधानाध्यापक तोक्न सक्नेछ ।

**(२) प्रधानाध्यापक छनौट समितिः** प्रधानाध्यापक छनौट कार्यका लागि देहाय बमोजिमको प्रधानाध्यापक
छनौट समिति रहनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

(ख) स्नातकोत्तर तह उत्तिर्ण गरी शिक्षा वा शिक्षा प्रशासन क्षेत्रमा कम्तिमा राजपत्राङ्कित द्वितीय श्रेणी वा सो
सरहको बहालवाला वा अवकाश प्राप्त व्यक्तिहरु मध्येबाट अध्यक्षले मनोनित गरेको कम्तिमा दुई जना

- सदस्य (ग) प्रशासन शाखा प्रमुख
- सदस्य

(घ) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(३) यस समितिमा मनोनित व्यक्तिको पदावधी ३ वर्षको हुनेछ ।

(४) समितिमा आवश्यकतानुसार पदाधिकारी आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको बैठक आवश्यकतानुसार निर्धारण गर्न सक्नेछ ।

(६) समितिको बैठक भत्ता प्रचलित नियमानुसार हुनेछ ।

(७) यस समितिले प्रधानाध्यापकहरु छनौट गरी योग्यताक्रमका आधारमा गाउँ शिक्षा समितिमा करार
सम्झौताका लागि सिफारिस गर्नेछ ।

१२. प्रधानाध्यापक छनौट समितिको काम कर्तव्य अधिकार देहाय बमोजिमको हुनेछः

क. प्रधानाध्यापक छनौट तथा नियुक्तिको लागि सार्वजनिक सूचना प्रकाशित गर्ने,

ख. सूचनामा परेका निबेदनको रुजु गरी स्विकृत भए नभएको अलग अलग सूची प्रकाशित गर्ने,

ग. उम्मेदबारहरुको लिखित, मौखिक तथा आवश्यकतानुसार प्रयोगात्मक परीक्षा सञ्चालन गर्ने,

घ. विद्यालय विकास प्रस्तावको प्रस्तुती गराउने तथा मूल्याङ्कन गर्ने,

ङ. लिखित, मौखिक तथा प्रयोगात्मक परीक्षा र विद्यालय विकास प्रस्तावमा उम्मेदवारले प्राप्त गरेको अङ्क र निजको शैक्षिक योग्यता, शिक्षण अनुभव, तालिम, अध्यापन गरेको विषयमा प्राप्त नतिजा र नेतृत्व लिने क्षमता वापत प्राप्त अङ्क जोडी उत्कृष्ट अंक प्राप्त गर्ने उम्मेदबारहरुको नाम प्रधानाध्यापक लागि सिफारिस गर्ने।

१३. प्रधानाध्यापक छनौट समितिले आवश्यकतानुसार यस कार्यविधिको अधिनमा रहि आफ्नो कार्यविधि आफै बनाउन सक्नेछ।

१४. प्रधानाध्यापक छनौट समितिको सचिवालयको काम गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले गर्नेछ।

१५. प्रधानाध्यापक नियुक्ति भएको एक महिना भित्र निज जुन बिद्यालयमा पदस्थापन हुने हो सो बिद्यालयको ५ वर्षको कार्ययोजना पेश गर्न लगाइनेछ।

६. प्रधानाध्यापक छनौट समिति र काममा खटिने कर्मचारीलाई गण्डकी प्रदेश खर्च मापदण्डको अधिनमा रही भत्ता तथा सुबिधा उपलब्ध गराइनेछ।

१८. प्रत्येक प्रधानाध्यापकलाई नियुक्ति भएको मितिले ६ महिनासम्म परीक्षणकालमा राखिनेछ। विशेष परिस्थितिमा

बाहेक सामान्य अवस्थामा नियुक्ति भएका मितिले छ महिना पछिको कार्यसम्पादन न्यूनतम् ६० प्रतिशत रहन

नसके प्रधानाध्यापकबाट शिक्षक पदमा फिर्ता गरी वैकल्पिक सूचिमा रहेका उम्मेदबारलाई प्रधानाध्यापकको पदमा

नियुक्ति गरिनेछ। प्रधानाध्यापक पदमा पहिलो पटकका लागि ३ वर्षको कार्यकाल कायम गरिनेछ। प्रत्येक ३ वर्ष

पछि प्रधानाध्यापकले पद परीक्षण योग्यता उत्तीर्ण गर्नु पर्नेछ। उक्त पद परीक्षण योग्यता उतीर्ण गर्न नसकेकै कारण

रिक्त रहन जाने प्रधानाध्यापक पदमा खुला प्रतियोगिताबाट पदपूर्ति गरिनेछ।

१९. नियुक्ति भई पदस्थापना भएको प्रधानाध्यापकले विद्यालयको शैक्षिक सुधार,विकास र उन्नयनका लागि

विद्यालयका पूर्व प्रधानाध्यापक, कार्यरत शिक्षक र कर्मचारी तथा विद्यालय व्यबस्थापन समितिका पदाधिकारी,

शिक्षक अभिभावक संघ , वडा शिक्षा समितिसँग सुमधुर सम्बन्ध स्थापना गरी तत् तत् पदाधिकारीहरुका अनुभव

र संस्थागत संस्मरणलाई उपयोग गर्दै विद्यालयको विकासका लागि अनुकूल वातावरण बनाउनु पर्दछ। साथै

विद्यालयका सम्पूर्ण शिक्षक कर्मचारीहरुले विद्यालयका प्रधानाध्यापकलाई सहयोग गर्नु निजहरुको दायित्व र

जिम्मेवारी हुनेछ।

२०. प्रधानाध्यापकको पदमा कार्यसम्पादन करार सम्झौता गरी पदस्थापन गरिनेछ। प्रधानाध्यापकले समेत

विद्यालयमा कार्यरत शिक्षक कर्मचारीलाई कार्यसम्पादन करार गरी परिचालन गर्नु पर्नेछ। न्यूनतम ६० प्रतिशत

नतिजा हासिल गर्न नसक्ने र प्रधानाध्यापकको कार्यसम्पादनमा असहयोग गर्ने शिक्षक कर्मचारीलाई

प्रधानाध्यापकले विभागीय कारबाही गर्न सक्नेछ।

२१. प्रधानाध्यापकलाई कार्यसम्पादनका आधारमा गाउँपालिकाबाट थप प्रोत्साहन भत्ता प्रदान गर्न सकिनेछ ।

२२. प्रधानाध्यापक कानूनी रुपमा शिक्षा, युवा तथा खेलकुद शाखाप्रति, व्यवस्थापकीय र प्रशासकीय रुपमा विद्यालय

व्यवस्थापन समितिप्रति, शैक्षिक उपलब्धिका लागि विद्यार्थी र अभिभावकप्रति तथा सामुहिक नेतृत्व र

पेसागत विकासका लागि शिक्षा कर्मचारीप्रति जवाफदेही रहनेछ।

२३ . प्रधानाध्यापकसँग कार्यविधिले राखेको अपेक्षाहरु देहाय बमोजिम रहेका छन् :

क. कम्तिमा १० वर्षे दुरदृष्टि तय गरी विद्यालयको प्रशासन सञ्चालन गर्ने,

ख. अभिभावक र विद्यार्थीका समय सापेक्ष अपेक्षाहरु सम्बोधन गरी विद्यालयको सञ्चालन गर्ने,

ग. शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, वडा शिक्षा समिति, गाउँपालिका र समुदायसँग सुमधुर सम्बन्ध स्थापना गरी विद्यालय नियमित र प्रभावकारी रुपमा सञ्चालन गर्ने,

घ. न्यूनतम ६० प्रतिशत शैक्षिक उपलब्धी हासिल गर्ने,

ङ. शिक्षण सिकाइमा नवप्रवर्तनशीलता र विकासको अवलम्बन गरी आँबुखैरेनीलाई शैक्षिक हबको रुपमा

विकास गर्ने।

## परिच्छेद ५
## प्रधानाध्यापक छनौटको आधार

**२४. प्रधानाध्यापक छनौटको आधारः** प्रधानाध्यापक छनौटका आधारहरु देहाय बमोजिम रहनेछन्:

| क्र.सं. | आधार | अंक | विवरण |
|---|---|---|---|
| १. | शैक्षिक योग्यता | २० | तोकिएको न्यूनतम शैक्षिक योग्ताका लागि १५ र माथिल्लो योग्यताका लागि ५ अंक |
| २. | शिक्षण अनुभव | २५ | |
| ३. | तालिम | १५ | शैक्षिक तालिम बापत १०, विद्यालय व्यवस्थापन तालिम बापत ५ अंक हुनेछ। |
| ४. | अध्यापन गरेको विषयमा प्राप्त नतिजा | १२ | |
| ५. | विद्यालय विकास प्रस्ताव | १८ | प्रधानाध्यापक छनौट समितिले विद्यालय विकास प्रस्तावना तयार गरे बापत १० र प्रस्तुतिकरण बापत ४ अंक प्रदान गर्ने। |
| ६. | नेतृत्व लिने क्षमता | १० | शिक्षा अधिकृतको मूल्याङ्कन ५ अंक, विद्यालय व्यवस्थापन समितिको मूल्याङ्कनबाट ५ अंक प्रदान गर्ने। |
| **जम्मा** | | **१००** | |

**द्रष्टव्यः**

१. न्यूनतम शैक्षिक योग्यता बापत अंक प्रदान गर्दा न्यूनतम शैक्षिक योग्यता बापत प्रथम श्रेणीको लागि १५ अंक, द्वितीय श्रेणीको लागि १३ अंक र तृतीय श्रेणीको लागि ११ अंक दिइनेछ। माथिल्लो शैक्षिक योग्यता बापत अंक प्रदान गर्दा प्रथम श्रेणीको लागि ५ अंक, द्वितीय श्रेणीको लागि ४ अंक र तृतीय श्रेणीको लागि ३ अंक दिइनेछ। माध्यमिक तहको हकमा माथिल्लो शैक्षिक योग्यता भन्नाले एम.फिल. लाई जनाउनेछ। तर दश वर्ष स्थायी सेवा गरेका शिक्षक उम्मेदवारको हकमा स्नातक तहको शैक्षिक योग्यताको क्रमशः प्रथम श्रेणीको भए ५ अंक, द्वितीय श्रेणीको लागि ४ अंक र तृतीय श्रेणीको लागि ३ अंक दिइनेछ।

२. शिक्षण अनुभव बापत अंक प्रदान गर्दा आधारभूत तह (कक्षा ५ सम्म) को विद्यालयको साविक प्राथमिक तह, आधारभूत तह (कक्षा ८ सम्म) को विद्यालयको साविक निम्न माधयमिक तह र माध्यमिक तहको विद्यालयको लागि माध्यमिक तहमा स्थायी नियुक्ति पाई शिक्षण गरेको भए प्रति वर्षको जुन तहको शिक्षक हो सो

तहको प्रथम श्रेणीको भए २.५ अंकका दरले, द्वितीय श्रेणीको भए २ अंकको दरले र तृतीय श्रेणीको भए १.५ अंकका दरले बढीमा २५ अंक दिइनेछ।

३. तालिम अन्तर्गत शैक्षिक तालिम बापत अंक प्रदान गर्दा प्रथम श्रेणीको भए १० अंक, द्वितीय श्रेणीको लागि ८ अंक र तृतीय श्रेणीको लागि ६ अंक दिइनेछ। शिक्षकले सम्बन्धित तहको लागि लिएको कुनै एउटा तालिम बापत अंक पाउनेछ। तालिम अन्तर्गत विद्यालय व्यवस्थापन तालिम बापत एकमुष्ट ५ अंक प्रदान गरिनेछ।

४. अध्यापन गरेको विषयमा प्राप्त नतिजा बापत पछिल्लो तीन शैक्षिक शत्रको प्रति शैक्षिक शत्रको बढीमा

चार अंकका दरले अधिकतम १२ अंक दिइनेछ। अध्यापन गरेको विषयमा प्राप्त नतिजा बापत अंक

प्रदान गर्दा प्रति वर्ष देहायका आधारमा दिइनेछः-

<u>अध्यापन गरेको विषयको कक्षागत औसत उत्तीर्ण प्रतिशत × १००</u>
सम्बन्धित विषयको गाउँपालिकाको औसत उत्तीर्ण प्रतिशत

(क) भौगोलिक इकाईको औसत उत्तीर्ण प्रतिशत अंक ४० भन्दा कम भएमा ४० लाई मानिनेछ। यस खण्डको प्रयोजनका लागि "भौगोलिक इकाई" भन्नाले गाउँपालिकालाई जनाउनेछ।

(ख) सम्बन्धित विद्यालय बाहेक अन्य विद्यालयका शिक्षक प्रधानाध्यापक उम्मेदवार भएको अवस्थामा निजले पढाएको विद्यालयको विद्यार्थीको उपलब्धीको आधारमा यस खण्ड अनुसारको मूल्याङ्कन गर्नुपर्नेछ।

५. देहायको कार्यढाँचामा तयार भएको विद्यालय विकास प्रस्ताव बापत अंक १३ र सोको प्रस्तुतिकरण बापत ५ अंक दिइनेछ। प्रस्ताव बापत अंक प्रदान गर्दा ८० प्रतिशत भन्दा बढी र ४० प्रतिशत भन्दा कम अंक दिनु परेमा सो को पुष्ट्याई समेत दिनुपर्नेछ।

(क) वर्तमान शैक्षिक, मानवीय र आर्थिक अवस्था,
(ख) विद्यालयले हासिल गर्नुपर्ने अपेक्षित उपलब्धी,
(ग) वर्तमान अवस्था र अपेक्षित उपलब्धीका सूचकगत अन्तर,
(घ) अपेक्षित उपलब्धी हासिल गर्ने स्रोत पहिचान सहितको कार्ययोजना,
(ङ) कार्ययोजनाको मूल्याङ्कनका सूचकहरु।

६. शिक्षा अधिकृत र विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापकको उम्मेदवारको नेतृत्व लिने क्षमताको मूल्याङ्कन देहायका आधारमका गर्नुपर्नेछः

**<u>मूल्याङ्कनका आधारहरुः</u>**

| अति उत्तम | उत्तम | मध्यम | सामान्य |
|---|---|---|---|
| (१.२५) | (१.०) | (०.७५) | (०.५०) |

(क) शिक्षण पेसाप्रति निष्ठावान तथा लगनशील,
(ख) विद्यालयको शैक्षिक गुणस्तर प्रतिको सेवा भाव,
(ग) विद्यार्थी, शिक्षक र विद्यालय व्यवस्थापन समितिबीच प्रभावकारी सम्बन्ध स्थापना गर्न र समुदायलाई प्रभावकारी परिचालन गर्न सक्ने क्षमता,
(घ) उत्तरदायित्व र पारदर्शिता सम्बन्धी व्यवहार ।

७. विद्यालय व्यवस्थापन समितिले उम्मेदवारको मूल्याङ्कन गर्दा बैठक बसी लिखित निर्णय गर्नुपर्नेछ ।

८. नेतृत्व लिने क्षमता बापत अंक प्रदान गर्दा समेत ८० प्रतिशतभन्दा बढी र ४० प्रतिशतभन्दा कम अंक दिनु परेमा सोको पुष्ट्याई समेत गर्नुपर्दछ ।

९. शिक्षक छनौट समितिले प्रधानाध्यापक पदको लागि शिक्षक सिफारिस गर्दा महिला, दलित र अपाङ्ग उम्मेदवार र अन्य उम्मेदवारको अंक बराबर भएमा क्रमशः महिला, दलित र अपाङ्ग उम्मेदवारलाई सिफारिस गर्नुपर्नेछ ।

## परिच्छेद ६
## प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार

२५. प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालयमा शैक्षिक वातावरण, गुणस्तर र अनुशासन कायम राख्ने,

(ख) विद्यालयका शिक्षक तथा कर्मचारीहरुसंग समन्वय गरी शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरुबीच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने,

(ग) विद्यालयमा सच्चरित्रता, शिष्टता कायम गर्न आवश्यक काम गर्ने,

(घ) शिक्षकहरुसंग आवश्यक परामर्श गरी विद्यालयमा कक्षा सञ्चालन सम्बन्धी कार्यक्रम तयार गर्ने तथा त्यस्तो कार्यक्रम बमोजिम कक्षा सञ्चालन भए, नभएको निरीक्षण गर्ने,

(ङ) विद्यालयमा सरसफाई, अतिरिक्त क्रियाकलाप सञ्चालन आदिको प्रबन्ध गर्ने, गराउने,

(च) विद्यालयको प्रशासनिक कार्यको सञ्चालन तथा नियन्त्रण गर्ने,

(छ) विद्यालयमा विद्यार्थी भर्ना गराउने, पठन-पाठन तथा परीक्षा सञ्चालन गर्ने, गराउने,

(ज) विद्यार्थीलाई स्थानान्तरण तथा अन्य आवश्यक प्रमाणपत्र प्रदान गर्ने,

(झ) विद्यालयमा भए गरेका महत्वपूर्ण कार्यको अभिलेख राख्ने,

(ञ) कुनै शिक्षक वा कर्मचारीले जानी जानी वा लापरवाहीका साथ कुनै काम गर्नाले विद्यालयलाई हानी नोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानीको रकम तलबबाट कट्टा गरी आवश्यक बारवाही गर्ने,

(ट) विद्यालयले आफ्नै स्रोतमा नियुक्त गरेका शिक्षक वा कर्मचारीले पदीय जिम्मेवारी पुरा नगरेमा व्यवस्थापन
समितिको सिफारिस बमोजिम विभागीय कारवाही गरी अवकाश सम्मको प्रक्रिया अवलम्बन गर्ने,

(ठ) शिक्षक र कर्मचारीलाई गरिएको कारवाहीको अभिलेख राख्ने,

(ड) शिक्षक तथा कर्मचारीहरुको आचरण र कार्य सम्पादनसम्बन्धी प्रतिवेदन विद्यालय व्यवस्थापन समिति मार्फत गाउँपालिकामा पेश गर्ने,

(ढ) शिक्षक तथा कर्मचारीलाई कारवाही वा पुरस्कार दिने सम्बन्धमा व्यवस्थापन समिति तथा गाउँपालिकामा पेश
गर्ने,

(ण) स्थायी नियुक्ति एवं पदस्थापना भई आएका शिक्षकलाई हाजिर गराई विषय र तह अनुसारको अध्यापन कार्यमा
खटाउने,

(त) सरुवा काज सरुवा भएका शिक्षकहरुलाई सरुवा भएको मितिले २१ दिनभित्र रमाना दिने,

(थ) महिनामा कम्तिमा एक पटक शिक्षक तथा कर्मचारीहरुको बैठक बसी विद्यालयको प्राज्ञिक, भौतिक र शैक्षिक
प्रशासन सम्बन्धी विषयमा छलफल गरी त्यसको अभिलेख राख्ने,

(द) विद्यालय भवन तथा छात्रावासको हाताभित्र कुनै किसीमको अवाञ्छित क्रियाकलाप हुन नदिने,

(ध) विद्यालयको प्रभावकारी सञ्चालनको लागि वार्षिक र पञ्चवर्षीय विद्यालय सुधार योजना बनाई व्यवस्थापन
समितिबाट पारित गरी कार्यान्वयन गर्ने, गराउने र सोको एक प्रति अनिवार्य रुपमा शिक्षा, तथा खेलकुद
शाखामा पेश गर्ने,

(न) विद्यालयमा अध्ययन अध्यापन सम्बन्धी मासिक, अर्द्धवार्षिक तथा वार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्ने,
गराउने,

(प) शिक्षक वा कर्मचारीलाई तालिममा पठाउन व्यवस्थापन समितिबाट अनुमोदन गराई शिक्षा, युवा तथा खेलकुद
शाखामा पठाउने,

(फ) विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने,

(ब) व्यवस्थापन समितिले दिएको निर्देशन तथा आफूले पाएको अधिकार बमोजिम रकम खर्च गर्ने र आय व्ययको

हिसाब राख्ने तथा राख्न लगाउने,

(भ) विद्यालयमा सञ्चालन हुने परीक्षा नियमित तथा मर्यादित ढंगबाट सञ्चालन गर्ने, गराउने,

(म) कुनै शिक्षकले अध्यापन गरेको विषयमा लगातार तीन वर्षसम्म पन्ध्र प्रतिशत भन्दा बढी विद्यार्थी असफल भएमा

वा कुनै शिक्षकले लापरवाही वा अनुशासनहीन काम गरेमा त्यस्तो शिक्षकको दुई वर्षसम्म तलब वृद्धी रोक्का गर्ने,

(य) विद्यालयको शैक्षिक प्रगति सम्बन्धी विवरण तथा तथ्याङ्क मन्त्रालयद्वारा निर्धारित ढाँचा र समयभित्र प्रमाणित

गराई शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्ने,

(र) गाउँपालिका र विद्यालय व्यवस्थापन समितिले दिएका निर्देशन पालन गर्ने, गराउने,

(ल) विद्यालयको आफ्नो स्रोतबाट खर्च बेहोर्ने गरी नियुक्त भएका शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कन फाराम भरी

व्यवस्थापन समितिमा पेश गर्ने,

(व) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सम्पति विवरण फाराम निर्धारित समयमा भर्न लगाई विद्यालयमा

दर्ता गरी गाउँपालिका मार्पत शिक्षक किताबखाना पठाउने,

(श) विद्यालयका शिक्षक तथा कर्मचारीबाट कट्टी गरेको कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष, बीमा,

सामाजिक सुरक्षा कोषको रकम सम्बन्धित निकायमा समयमै दाखिला गरी फाँटवारी पठाउने,

(ष) व्यवस्थापन समितिबाछ स्वीकृत खरीद योजना अनुसार खरीद प्रक्रिया पुरा गरी माल समान तथा सेवा खरीद गर्ने,

(स) विद्यालयको भौगोलिक क्षेत्रभित्रका टुहुरा, अलपत्र परेका र बेसाहारा, विशेष आवश्यकता भएका तथा अति

विपन्नतामा परी विद्यालय जान नसकेका वा विद्यालय छोड्ने बाल बालिकालाई अन्य निकाय मार्फत छात्रवृति

वा विशेष व्यवस्था गरी वा निजका अभिभावक वा संरक्षकलाई सघाई बालबालिकालाई विद्यालयमा ल्याउनु

प्रधानाध्यापकको जिम्मेवारी हुनेछ । विद्यार्थीलाई अपेक्षित शैक्षिक उपलब्धी हासिल हुने गरी सिकाउने र टिकाउने

दायित्व प्रधानाध्यापक र शिक्षकहरुको हुनेछ,

(ह) आफ्नो विद्यालयको आर्थिक वर्ष व्यतित भएको ३ महिना भित्र भौतिक र वित्तीय प्रगति साथै शैक्षिक सत्र व्यतित

भएको ४५ दिन भित्र शैक्षिक प्रगति विवरण शिक्षा, युवा तथा खेलकुद शाखामा बुझाउनु पर्ने,

(क्ष) विद्यालयको चल अचल सम्पत्तीको संरक्षण, सम्वर्द्धन तथा अद्यावधिक गरी राख्ने,

(त्र) प्रत्येक आर्थिक वर्षको आय-व्यय विवरणको गाउँपालिकाबाट नियुक्ति प्रदान गरिएको लेखापरीक्षकबाट लेखा परीक्षण गरी औंल्याइएको बेरुजु, सम्परीक्षण तथा सुझाव कार्यान्वयन गर्ने, गराउने.

(ज्ञ) कम्तिमा महिनाको एक पटक विद्यालय व्यवस्थापन समितिको नियमित बैठक बसी विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक लगायतका विषयमा आवश्यक छलफल तथा निर्णय गर्ने,

(ज्ञ१) आवश्यकतानुसार विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक तथा शिक्षक कर्मचारको बैठक बसी समसामयिक विषयमा छलफल तथा निर्णय गर्ने ।

## परिच्छेद ६
## विविध

**६ १.**यस कार्यविधि अनुसारको कार्यान्वयनमा केहि बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले फुकाउन सक्नेछ।

(२) यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम हुने र उल्लेख नभएको विषयमा गाउँपालिकाले निर्धारण गरेबमोजिम हुनेछ । तर,यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

## अनुसूची १
## विद्यालय विकास प्रस्तावनाको ढाँचा

१. विद्यालयको संक्षिप्त परिचय,
२. वर्तमान शैक्षिक, मानवीय र आर्थिक अवस्था,
३. विद्यालयले हासिल गर्नुपर्ने अपेक्षित उपलब्धी,
४. वर्तमान अवस्था र अपेक्षित उपलब्धीका सूचकगत अन्तर,
५. अपेक्षित उपलब्धी हासिल गर्ने स्रोत पहिचान सहितको कार्ययोजना,
६. कार्ययोजनाको मूल्याङ्कनका सूचकहरु ।
७. SWOT Analysis (Strength, Weakness, Opportunity and Threat)
८. अपेक्षित उपलब्धी हासिल गर्ने स्रोत पहिचान सहितको कार्ययोजना,
९. कार्ययोजना मूल्याङ्कनका सूचकहरु ।

# अनुसूची २
## कार्यसम्पादन  करार सम्झौता ढाँचा

आँबुखैरेनी गाउँपालिकाको कार्यालय, तनहुँ (जसलाई यसपछि प्रथम पक्ष भनिनेछ) र ............................. विद्यालय, तनहुँका प्रधानाध्यापक श्री ............................. (जसलाई यसपछि दोस्रो पक्ष भनिनेछ) बीच विलालयको समग्र शैक्षिक गुणस्तर अभिवृद्धिका लागि देहायका शर्तहरुको अधिनमा रही कार्य गर्न गराउन सहमत भई यो कार्य सम्पादन करार सम्झौता गरिदियौं, लियौं ।

यो सम्झौता मिति............................ देखि मिति ................................ सम्म लागू हुनेछ । सम्झौतामा उल्लेखित शरेतहरुको पालना गर्नु दुबै पक्षको कर्तव्य हुनेछ । दोस्रो पक्षले तपसिल बमोजिमका कार्यहरु गर्नुपर्नेछ ।

१. पञ्चवर्षीय विद्यालय सुधार योजना निर्माण गरी विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गरी लागू गर्ने, तथा एक प्रति अनिवार्य रुपमा शिक्षा, युवा तथा खेलकुद शाखामा बुझाउने,
२. प्रत्येक शैक्षिक शत्रको लागि अघिल्लो शैक्षिक शत्रको चैत्र मसान्तसम्ममा विद्यालयमा लागू हुने वार्षिक योजना निर्माण गरी विद्यालय सञ्चालन गर्ने,
३. आफू मातहतका शिक्षकहरुलाई दैनिक पाठयोजना निर्माण गरी अध्यापन गर्न लगाउने,
४. शिक्षकहरुसंग प्रत्येक शैक्षिक शत्रको बैशाख ७ गतेसम्ममा वार्षिक योजना बनाइ करार सम्झौता गर्ने,
५. प्रत्येक महिनाको अन्तिम शुक्रबार तीन बजेपछि शिक्षक तथा कर्मचारीको बैठक बसी चालु महिनाको समिक्षा र  आउने महिनाको योजना लगायत अन्य विषयमा छलफल गर्ने,
६. विद्यालय हाताभित्र कुनै किसीमको अभद्र व्यवहार हुन नदिने व्यवस्था मिलाउने,
७. विद्यालयमा सुमधुर शैषिक वातावरण र अनुशासन कायम गरी शैक्षिक गुणस्तर वृद्धि गर्ने,
८. शिक्षक तथा कर्मचारीको आचरण र कार्यसम्पादन सम्बन्धी प्रतिवेदन शिक्षा, युवा तथा खेलकुद शाखामा बुझाउने,
९. विद्यालयमा सञ्चालन हुने आवधिक परीक्षा नियमित तथा मर्यादित ढंगबाट सञ्चालन गर्ने, गराउने,
१०. विद्यालय व्यवस्थापन समितिको निर्णय गरी खरीद योजना अनुसार खरीद प्रक्रिया पुरा गरी माल समान खरीद गर्ने ।

| | |
|---|---|
| **प्रथम पक्षको तर्फबाटः** | **दोस्रो पक्षको तर्फबाटः** |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| ठेगानाः | ठेगानाः |
| मितिः | मितिः |
| **कार्यालयको छापः** | **विद्यालयको छापः** |

**रोहबरः**
हस्ताक्षरः
नामः
पदः

## अनुसूची ३
## प्राथमिकताको आधारमा विद्यालय छनौट फाराम

म यस गाउँपालिका अन्तर्गत श्री ............................. विद्यालय, वडा नं......... को विद्यालयमा मिति...................... मा स्थायी नियुक्ति लिई .................. तह ............ श्रेणीमा कार्यरत शिक्षक हुँ । म तपशिलका विद्यालयहरुमा प्राथमिकताका आधारमा प्रधानाध्यापक भई कामकाज गर्न इच्छुक छु ।
तपशिलः

| क.सं. | विद्यालयको नाम | विद्यालयको ठेगाना | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

नामः
हस्ताक्षरः
तह र श्रेणीः
कार्यरत विद्यालय ठेगानाः

आज्ञाले,

विष्णुप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत